का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ वैशाख २०७९,
आइतबार
1 May 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ८५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




## आजबाट चुनावी प्रचार

उम्मेदवारले निर्वाचन प्रचारका लागि ११ दिनको समय पाउने छन् । ३० गते मतदान हुने भए पनि मौन अवधि २७ गते मध्य रातिबाट लागू हुनेछ ।

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, १७ वैशाख ।

स्थानीय तहको बिभिन्न पदमा उम्मेदवारी दिएका उम्मेदवारहरुले शनिवार चुनाव चिन्ह पाए । चुनाव चिन्ह पाएपछि आइतबार (आज)बाट उम्मेदवारहरु चुनावी प्रचारमा छन् । कतिपयले शनिवारबाटै चुनावी प्रचार सुरु गरिसके । चुनाव चिन्ह पाएपछि निर्वाचन प्रचारप्रसारको समय सुरु भएको छ' आयोगका प्रवक्ता शालिग्रामशर्मा पौडेलले भने ।

उनका अनुसार उम्मेदवारले निर्वाचन प्रचारका लागि ११ दिनको समय पाउने छन् । ३० गते मतदान हुने भएपनि मौन अवधि २७ गते मध्य रातिबाट लागू हुनेछ । चुनावी प्रचारमा उम्मेदवार र राजनीतिक दलका नेता / कार्यकर्तासँगसँगै सबैले ख्याल गर्नुपर्ने निर्वाचन आयोगले प्रष्ट पारेको छ ।

निर्वाचन आचारसंहिता अनुसार उम्मेदवारको पक्ष वा विपक्षमा सार्वजनिक सम्पत्ति प्रयोग गर्न पाइँदैन् । निर्वाचनसँग सम्बन्धित सूचनालाई बिगार्न, शैक्षिक संस्थामा निर्वाचन सम्बन्धी भेला र प्रचार गर्न बन्देज लगाइएको छ ।

राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन चिन्ह अंकित ज्याकेट, कमिज, भेस्ट, टी-सर्ट, टोपी, गम्छा, मास्क, लकेट वा अन्य कुनै पहिरन तथा स्केच बनाउन पाइने छैन् । राजनीतिक दल वा उम्मेदवारले १८ वर्षमुनिका बालबालिकालाई प्रचारमा सामेल गर्न पाउने छैनन् । मतदान भएर मतपरिणाम घोषणा नभएसम्म मत सर्वेक्षण गर्न पनि पाइने छैन् ।

यससँगै निर्वाचनलाई प्रभावित पार्ने गरी कसैको पक्ष वा विपक्षमा विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पनि प्रचारप्रसार गर्न समेत रोक लगाइएको छ ।

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका पदाधिकारीले पनि कुनै उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न पाउने छैनन् । निर्वाचन आयोगको स्वीकृति नलिई कर्मचारी सरुवा, बढुवा र नियुक्ति गर्न रोक लगाइएको छ ।

सरकारी, अर्धसरकारी संस्था तथा सार्वजनिक संस्थामा कार्यरत व्यक्तिले पनि राजनीतिक दल तथा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न पाउने छैनन् । शिक्षकले पनि कसैको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न पाउने छैनन् । गैरसरकारी संस्था तथा निजी संस्थामा कार्यरत पदाधिकारी तथा कर्मचारीलाई पनि प्रचारप्रसार गर्न रोक लगाइएको छ ।



## नमूना मतपत्र सार्वजनिक

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ वैशाख ।

चुनावका लागि निर्वाचन आयोगले शनिबार साना दलका उम्मेदवार र स्वत्नत्र उम्मेदवारलाई चिन्ह वितरण गरेको छ । राष्ट्रिय मान्यता प्राप्त ६ वटा दलहरु एमाले, कांग्रेस, माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टीले आफ्नै दलीय चुनाव चिन्ह पाएका छन् ।

स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-२६ मा राष्ट्रिय दलको मान्यता प्राप्त नगरेका पार्टीहरूले पनि आफ्नै चिन्ह पाएका हुन् । आयोगले राष्ट्रिय मान्यता नपाएका दलहरुलाई पनि चिन्ह दिएको छ ।

आयोगका अनुसार विवेकशील साझा पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी लगायत ६३ दलले आफ्नै चिन्ह पाएका छन् ।

स्वतन्त्र उम्मेदवारहरुले पनि चिन्ह पाएका छन् । जसमा पुतली, ब्याडमिन्टन कर्क, खरायो, भुइँकटहर, हाँस, आँप, गुलाबको फूल, जेब्रा लगायत छन् । लौरो, खानेपानीको धारा, कैंची, मुढा, जेब्रा, लालटिन, सेफ्टी पिन, प्रेसर कुकर, चिल, काग, चुलेसी, भ्यागुता, खसीको टाउको समेत चुनाव चिन्हका रुपमा पाएका छन् ।

नमूना मतपत्र सार्वजनिक

निर्वाचनका लागि निर्वाचन आयोगले शनिवार नै नमूना मतपत्र सार्वजनिक गरेको छ । आयोगले शनिबार जिल्लागत नमूना मतपत्र सार्वजनिक गरेको हो । तर, उपत्यकाका तीन जिल्ला काठमाडौं, भक्तपुर र ललितपुरको नमूना मतपत्र सार्वजनिक गरेको छैन ।

विराटनगर, वीरगञ्ज र भरतपुरको नमूना मतपत्र पनि सार्वजनिक गरेको छैन । बाँकी जिल्लाका लागि नमूना मतपत्र सार्वजनिक गरिएको हो ।

दोहोरो नीतिको असर

# मनमेल नभएको तालमेल

महानगर र उपमहानगरको भागवण्डा केन्द्रबाटै भयो, तालमेल छैन कसरी भन्ने ! छ भन्दा कांग्रेसले एक्लै ६५० तहको नेतृत्वमा उम्मेदवारी दिएको छ । अपेक्षित रुपमा बागी उम्मेदवारको मनोनयन पनि फिर्ता भएन ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १७ वैशाख ।

निर्वाचन आयोगका अनुसार स्थानीय तहका बिभिन्न पदमा मनोनयन दर्ता गरेका करिव आठ हजारले उम्मेद्वारी फिर्ता लिए । तर, पाँच दलीय गठबन्धनको भागवण्डाप्रति असन्तुष्ट भएर मनोनयन गरेका अधिकांश विद्रोही उम्मेदवारले भने उम्मेदवारी फिर्ता लिएनन् ।

गठबन्धनका नेताहरु अथक प्रयास गर्दा पनि विद्रोही उम्मेदवारहरु मनोनयन फिर्ता हुन नसकेको स्वीकार्छन । यसको पछाडि सत्तारुढ गठबन्धनमा रहेको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका शीर्ष नेताहरुको दोहोरो नीति जिम्मेवार रहेको नेताहरुको बुझाई छ ।

माओवादी नेता बर्षमान पुनका अनुसार कांग्रेसको मूल नेतृत्व गठबन्धनप्रति प्रतिबद्ध रहेको, तर मूल नेतृत्व पछिको नेतृत्वले दोहोरो नीति लिएका कारण देशभर गठबन्धन साचे जस्तो गरी चुनावमा जान सकेन ।



चितवनको भरतपुरमा गठबन्धनले भागवण्डाको निर्णय लिँदा त्यस्तो विवाद थिएन् । तर, कांग्रेसकै नेताहरुले विद्रोही उम्मेदवार खडा गरे । फिर्ताको प्रयास भयो, तर त्यसलाई उम्मेदवारले इगोका रुपमा लिए, मनोनायन फिर्ता भएन ।

**लेखनाथ न्यौपाने**
**नेता, नेकपा माओवादी केन्द्र**

नाम नलिएरै नेता पुन कांग्रेसका नेता डा. शशांक कोइराला र महामन्त्रीद्धय गगन थापा र विश्वप्रकाश शर्माको व्यवहारले देशभर सत्तागठबन्धन एकै रहने स्थिति बनेन् । 'देशभर सत्तागठबन्धन एक भएर जाने सोच थियो । तर, कांग्रेसकै शीर्ष नेताहरुमध्येकै केहीले दोहोरो नीति लिए । गठबन्धनको बैठकमा मिलेर जाउँ भन्ने कार्यकर्तालाई गएर उचाल्ने' नेता पुन थप्छन्, 'कांग्रेसका केही नेताको दोहोरो नीतिका बाबजुत आंसिक असफलता मिलेको छ ।'

आंसिक असफलता अन्तर्गत महानगर र उपमहानगरको भागवण्डा केन्द्रबाट हुनु र कतिपय स्थानीय तहमा सत्तागठबन्धन एक रहनु रहेको उनको भनाइ छ । कम्तिमा प्रतिगमनकारीसँग देशभर ठूलो दलले चुनावी तालमेल गरेनन् । यो संविधान, गणतन्त्र र लोकतन्त्रको रक्षाको लडाइंको पनि सफलता हो' नेता पुनले भने ।

कांग्रेसका नेताहरुकै दोहोरो नीतिका कारण कांग्रेसबाट सबैभन्दा धेरै बागी उम्मेदवार तयार भएको र मनोनयन दर्ता फिर्ता हुन नसकेको माओवादी केन्द्र र एकीकृत समाजवादी लगायत सत्तागठबन्धनमा रहेका नेताहरुको बुझाई छ ।

माओवादी नेता लेखनाथ न्यौपाने भन्छन्, 'चितवनको भरतपुरमा गठबन्धनले भागवण्डाको निर्णय लिँदा त्यस्तो विवाद थिएन् । तर, कांग्रेसकै नेताहरुले उचालेर विद्रोही उम्मेद्वार खडा गरे । पछि फिर्ताको प्रयास त भयो तर त्यसलाई उम्मेद्वारले इगोका रुपमा लिए, मनोनायन दर्ता फिर्ता भएन ।'

नेपाली कांग्रेसले ७५३ पालिकामध्ये ६५० स्थानीय तहको प्रमुखमा उम्मेदवारी दर्ता गरेको छ । जसमा दुई सय बढी विद्रोही उम्मेदवार रहेको कांग्रेसकै आन्तरिक तथ्याङ्क छ । कांग्रेसले विद्रोही उम्मेदवारको मनोनयन फिर्ता नभए स्वत पार्टीबाट निष्काशित हुने भनेर विज्ञप्ती निकालेको भएपनि विज्ञप्ती अनुसार सर्कुलर जारी गरेन् ।

चितवनको भरतपुर लगायत केही ठाउँमा

– बाँकी पृष्ठ २ मा

## श्रममन्त्री श्रेष्ठ र मलेसियाका गृहमन्त्रीबीच भेटवार्ता

# नेपाली सुरक्षागार्डको मासिक तलब ३ हजार रिंगेट बनाउन प्रस्ताव

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ वैशाख

मलेसियाको भ्रमणमा रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले नेपाली सुरक्षागार्डको मासिक तलब ३ हजार रिंगेट बनाउन प्रस्ताव गरेका छन् । मन्त्री श्रेष्ठले शनिबार मलेसियाका गृहमन्त्री हमजाह वीन जैनुदिनसँग द्विपक्षीय भेटवार्ता गर्दै उक्त प्रस्ताव राखेका हुन् ।

मन्त्री श्रेष्ठको निजी सचिवालयका अनुसार मलेसियाको प्रशासनिक राजधानी पुत्रजयास्थित गृहमन्त्रालयमा भएको भेटवार्तामा नेपाल-मलेसिया सम्बन्धका साथै द्विपक्षीय हित र साझा चासोका विविध विषय अतिरिक्त सुरक्षागार्डको तलब वृद्धिका विषयमा कुराकानी भएको छ ।

सो क्रममा मन्त्री श्रेष्ठले नेपाली सुरक्षागार्डको मासिक तलब ३ हजार मलेसियन रिंगेट हुनुपर्ने प्रस्ताव गरेका हुन् । मलेसियामा मे महिनादेखि मासिक न्यूनतम तलब १ हजार ५ सय रिंगेट बनाउने यसअघि नै घोषणा गरिएको छ ।



वैदेशिक रोजगार विशेष

नेपाली कामदार मिहेनती र इमान्दार हुने चर्चा गर्दै मलेसियाका गृहमन्त्री जैनुदिनले गोर्खा गार्ड्सका रूपमा मलेसियामा नेपालीहरूको राम्रो प्रभाव रहेको बताए । नेपाली युवाहरूलाई सीपयुक्त बनाई थप रोजगारीका अवसरहरू प्रदान गर्ने, शून्य लागतको सिद्धान्तलाई प्रभावकारी बनाउने, स्वास्थ्य, सामाजिक सुरक्षा, चौबिसै घण्टा प्रभावकारी हुने बीमा सुविधाको व्यवस्थाबारे पनि छलफल भएको बताइएको छ ।

त्यसैगरी नेपालमा सुरक्षा गार्ड सम्बन्धी तालिमको व्यवस्था गरी सीपयुक्त बनाउनेबारे समेत उनीहरुबीच छलफल भएको छ । नेपालबाट सुरक्षागार्डमा जानेहरूमा पूर्वसेना वा पूर्वप्रहरीका साथै आधारभुत तालिम लिएका युवाहरु छन् । पूर्वगोर्खा ब्रिटिश सैनिकको प्रभावका कारण मलेसियामा गोर्खा गार्ड्सका रूपमा नेपालीप्रति उच्च सद्भाव रहेकोले समयानुकुल तालिम दिएर व्यावसायिक विकास गर्नेतर्फ ध्यान दिनुपर्ने भेटवार्तामा सहभागी मन्त्रालयका सचिव एकनारायण अर्यालले बताए । छलफलमा भएका विषयलाई औपचारिकता दिन छिट्टै द्विपक्षीय समझदारी

– बाँकी पृष्ठ २ मा

## श्रमिक नै बेखबर

मे दिवस

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, १७ वैशाख ।



काठमाडौंको ठमेलमा बन्दै गरेको ५ तले घरमा ज्यामी काम गरिरहेका बिरबहादुर मगर मे दिवसबारे जानकार छैनन्, उनलाई आफूले गरेको कामको पैसा समयमा पाए पुग्छ ।

'मलाई यस्तो दिवसबारे जानकारी छैन, कहिले किन र कसले मनाउँछन् केही थाहा छैन, हामी काम गरेर खानेलाई समयमै पैसा र काम भए पुग्छ,' श्रमिक मगरले मलिन स्वरमा भने । शरिरमा कुनै अस्वस्थता नभए कमाएर खान सहज हुने उनको भनाई छ ।

बिरवहादुर त प्रतिनिधि पात्र मात्रै हुन्, आज विश्वभर अन्तराष्ट्रिय श्रमिक दिवस मनाईंरहँदा वास्तविक श्रमिकहरु नै यसबारे बेखवर छन् । महंगा पाँचतारे होटेलमा मजुदरका अधिकारका कुरा गरिरहँदा उनीहरु यसबारे जानकार छैनन् । त्यत्तिमात्रै होईन, मजदुरी गर्ने वा बौद्धिक काम गर्ने जुनसुकै खालका मजदुरको रोजगारी सुरक्षित हुने बताएपनि उनीहरु काम गर्न नसक्दा वा काम नपाउँदा उनीहरु बाँच्नसक्ने प्रबन्ध सरकारले गर्न सकेको छैन । नेकपा एमालेका नेता एवं जिफन्टका पूर्व अध्यक्ष विष्णु रिमाल आफ्नो सरकार हुँदा श्रमिकका पक्षमा राम्रो काम गरेको दाबी गर्छन् । 'म श्रमिकहरुको संगठनको नेतृत्व पनि गरेको व्यक्ति हुँ र हाम्रो सरकार हुँदा नै हामीले श्रमिकका लागि सामाजिक सुरक्षा कोषको पनि व्यवस्था गरेका थियौं, हामी त श्रमिकका पक्षमा सधैं थियौं र रहन्छौं,' नेता रिमालले भने । उनले अहिले सरकारले मजदुरको वेवास्ता गरेका बताएका छन् । उनीमात्रै होईन, ट्रेड युनियनका अर्का नेता भोला पोखरेल पनि आफूहरु श्रमिककै पक्षमा रहेको दाबी गर्छन् । हामी सदैब श्रमजीविको पक्षमा छौं, बौद्धिक हुन् वा शारिरिक श्रम गर्ने श्रमिक हामीले सधैं उनीहरुको पक्षमा बोल्छौं वकालत गर्छौं, तर बनेका कानूनहरुको पूर्ण कार्यान्वयन नहुनु भने दुखद हो, नेता पोखेलले भने । उनले श्रमिकले रोजगकारीको सुनिश्चितता

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१८ वैशाख २०७९, आइतबार
1 May 2022, Sunday


स्थानीय तह निर्वाचन

# ७७ वटै जिल्लामा ४ सय पर्यवेक्षक खटाईने

**काठमाडौं/मस**–निर्वाचन पर्यवेक्षण समिति नेपाल (ई.ओ.सि.नेपाल) ले यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा पर्यवेक्षण गर्ने भएको छ । यसको लागि समितिले सम्पूर्ण तयारी पूरा भएको जनाएको छ ।

रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलनको आयोजना गरेर समितिले स्थानीय तहको निर्वाचनको लागि आफ्नो संस्थाबाट ४० जिल्लामा ४० जना पर्यवेक्षकहरु लामो समयका लागि नियुक्त गरी परिचालनसमेत गरिसकेको जनाएको हो । समितिले जारी गरेको विज्ञप्तिमा भनिएको छ,' निर्वाचन पर्यवेक्षण समिति नेपाल (ई.ओ.सि.नेपाल)ले आसन्न २०७९ वैशाख ३० गते सम्पन्न हुने स्थानीयतहको निर्वाचनका लागि निर्वाचनको पर्यवेक्षको अन्तिम तयारीमा जुटेको छ । हालसम्म ईओसि नेपालले ४० वटा जिल्लामा ४० जना पर्यवेक्षकहरु लामोसमयका लागि नियुक्त गरी परिचालन समेत गरिसकेको छ । लामोसमयका पर्यवेक्षकहरुको लागि यहि वैशाख ८ र ९ गते प्रशिक्षण सम्पन्न गरी परिचालन गरेको हो । त्यसै गरी छोटो समयका लागि ७७ वटै जिल्लामा ईओसि नेपालले पर्यवेक्षण गर्ने छ । त्यसको लागि चार सय जना पर्यवेक्षकहरु परिचालन गर्ने योजना रहेको छ ।'

ई.ओ.सि. नेपालका अध्यक्ष प्रदीप पोखरेलले २०७० सालमा संस्था स्थापना भएको उल्लेख गर्दै संविधानसभाको निर्वाचन र त्यसपछि भएका निर्वाचनमा पनि आफ्नो संस्थाले पर्यवेक्षणको भूमिका खेलेको स्मरण गराए । स्थानीय तहको निर्वाचनको लागि संस्थाको



पर्यवेक्षणको तयारी पूरा गरेको जनाए ।

उनले ७७ जिल्लामध्ये ४० जिल्लामा लामो समयका पर्यवेक्षक पठाइसकेको जनाए । उनले भने,'उहाँहरुले एक महिना हेर्नुहुन्छ र प्रतिवेदन पठाउनुहुन्छ । ७७ वटै जिल्लामा ४०० सय जना छोटो अवधिका पर्यवेक्षकहरु खटाउँछौं । उम्मेद्वारी दिने दिनदेखि मत परीणाम आउने बेलासम्मको पर्यवेक्षण गरिनेछ ।'

उनले निर्वाचन आचारसंहिताविपरित प्रचारप्रसार भएको गुनासो पोखे । निर्वाचनमा सबै पर्यवेक्षण संस्थाका गरेर २० हजार पर्यवेक्षकहरु खटिने आफूहरुले विश्वास लिएको उनको भनाई छ ।

संस्थाका कार्यकारी सदस्य राजाराम बर्तौलाले संविधानसभा हुँदाको अवस्थादेखि नै आफ्नो संस्थाले लोकतन्त्रको पक्षमा काम गर्दै आएको उल्लेख गर्दै विशेषत: निर्वाचन प्रणालीसम्बन्धी विशेषज्ञको रुपमा काम गरेको स्पष्ट पारे । बर्तौलाले संविधानसभाको निर्वाचनमा पनि आफ्नो संस्थाले निर्वाचन पर्यवेक्षणको काम गरेको स्पष्ट पारे ।

२०७४ को तीनै तहको निर्वाचनमा पनि संस्थाले धेरैजसो जिल्लामा पर्यवेक्षकहरु खटाएर पर्यवेक्षण गरेको उनले स्मरण गराए । अहिले निर्वाचन महँगो भयो भनेर भनिएपनि आफूहरुले ०७४ को निर्वाचनको दौरानमा गरेको अध्ययन स्मरण गराउँदै अहिले निर्वाचन महँगो भयो भनेर आफूहरुकै रिपोर्टकै आधारमा आम मानिसबाट अभिव्यक्ति आएको उनको दाबी छ ।

उनले निर्वाचन लोकतन्त्रको संस्थागत विकासतर्फको यात्रा भएको पनि उल्लेख । उनले निर्वाचनको क्रममा संस्थाले समावेशिताको विषयमा पनि गहन अध्ययन गरेर प्रतिवेदन तयार पार्ने बताए । निर्वाचनको खर्च विगतभन्दा बढेको छ कि घटेको छ भन्नेबारे पनि यसपटकको निर्वाचनमा फलोअप स्टडी गरिने उनको भनाई छ । त्यस्तै, मतदाताहरुको ट्रेण्डपनि हेरिने र मतदातारुले मत हाल्नको लागि केलाई आधार बनाएका छन् भनेर अध्ययन पनि गरिने उनले स्पष्ट पारे ।

निर्वाचनको क्रममा ईओसि नेपालले विभिन्न क्षेत्र र विषयगत रुपमा आफ्नो ध्यान केन्द्रित गर्ने पनि जनाएको छ । इ

उसले निर्वाचन अभियानमा दल र उमेद्वारले गर्ने खर्चको सम्वन्धमा पनि हेर्ने भएको छ । आसन्न स्थानीय तह निर्वाचनको सिलसिलामा उमेद्वारी मनोनयनदेखि उमेद्वारले नाम फिर्ता लिने समयसम्म राजनीतिक दल तथा उमेद्वार हरुको अभिव्यक्ति र गतिविधिहरुप्रति उक्त संस्थाले आफ्नो ध्यानाकर्षण भएको पनि उल्लेख गरेको छ । त्यस क्रममा निर्वाचन आचारसंहिता उल्लंघनका घटनाहरु प्रशस्तै भएको पाइएको पनि जनाइएको छ ।

# पर्यटन क्षेत्रलाई १८ सुझाव

काठमाडौं/मस- पर्यटन क्षेत्रलाई विद्युत्, पानी, सडक सञ्जाल, सरसफाइ र करमा सहुलियतको दृष्टिले राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रका रुपमा विशेष प्राथमिकताका साथ सम्बोधन गर्नुपर्नेलगायत १८ बुँदे सुझाव सरकारलाई दिइएको छ ।



कोरोनाको कहरमा परेको यस क्षेत्रलाई पुनःजागृत गराउने लक्ष्यका साथ सरकारले गठन गरेको विशेष समितिले केही नीतिगत, प्रक्रियागत संरचनागत विषयमा समेत सुधार गर्नुपर्ने सुझाव दिएको छ ।

नेपालको समृद्धिको प्रमुख आधारका रुपमा रहेको र कूल गार्हस्थ्य उत्पादनमा विशेष भूमिका प्रदान गर्ने क्षेत्र भएकाले पनि तत्काल सुधारको प्रक्रिया शुरु गर्नुपर्ने समितिको भनाइ छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेम आलेलाई शुक्रबार बुझाइएको एक अध्ययन प्रतिवेदनमा विदेशी मुद्राको चापसमेत परेका सन्दर्भमा विशेष प्राथमिकता दिएर यस क्षेत्रलाई अगाडि बढाइए एकाध वर्षमा नै उल्लेख्य प्रतिफल हासिल गर्न सकिने उल्लेख छ ।

सामान्यता एक पर्यटक बराबर नौ जनाले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा रोजगारी पाउने र नेपालको आम प्रवृत्ति नै 'अथिति देवो भवः' अर्थात् पाहुना भनेका भगवान् जस्तै हुन् भन्ने भएकाले पनि समृद्ध नेपालको आधारशिला हुने तथ्यलाई मनन् गरिएको छ ।

राष्ट्रिय पर्यटन पुनरुत्थान समिति मातहतको प्राविधिक समितिले दिएको सुझावमा पर्यटन उद्योग पूर्णरुपमा पहिलेकै अवस्थामा नआउँदासम्म पुनःकर्जा दिने मौद्रिक नीति आवश्यक रहेकामा जोड दिएको छ ।

नेपालको कूल जनसङ्ख्याको ७० प्रतिशत बढीले कोरोनाविरुद्धको खोप लगाइसकेकाले विश्वस्वास्थ्य सङ्गठनको 'रेड जोन' बाट शीघ्र हटाउन विशेष पहल जरुरी रहेको प्राविधिक समितिको सुझाव छ ।

नेपाल सरकारले घोषणा गरेबमोजिम सरकारी कर्मचारीका लागि दुई दिनको सार्वजनिक बिदाको नीतिले आन्तरिक पर्यटनको प्रवर्द्धनमा खास भूमिका खेल्ने विश्वास व्यक्त गरिएको छ। आगामी जेठ १ गतेदेखि परीक्षणका रुपमा दुईदिने बिदा कार्यान्वयनमा आउनेछ ।

त्यसबाट आन्तरिक पर्यटन थप विस्तार भई अर्थतन्त्र चलायनमान हुने समितिको ठहर छ । कास्कीका पर्यटन व्यवसायीले त सरकारको उक्त घोषणाको मुक्तकण्ठले प्रशंसा गर्दै स्वागतसमेत गरिसकेका छन् ।

तर बैंकिङ सेवामा छुट वा वैकल्पिक व्यवस्था हुनसक्ने देखिन्छ । पर्यटन क्षेत्रलाई माथि उठाउनका लागि दुर्गम क्षेत्र वा नयाँ गन्तव्यमा निश्चित समयका लागि नवपर्यटनसम्बन्धी सेवा र सुविधाका लागि कर छुटको नीतिलाई पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्नेछ ।

'एक गाउँ हेर्नैपर्ने ठाँउका' रुपमा विकास गरेर ७५३ वटै स्थानीय तहलाई पर्यटनको नयाँ गन्तव्यका रुपमा विकास गर्नुपर्ने देखिन्छ । त्यसबाट काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, चितवन, बाँके, जनकपुर, अन्नपूर्ण सर्किट र सोलुखुम्बु तथा रसुवामा मात्रै केन्द्रित रहेको पर्यटन क्षेत्र देशभर नै विस्तार हुने प्राविधिक समितिका संयोजक राजाराम गिरीले जानकारी दिए ।

सरकारले तोकेको मापदण्ड पूरा गर्ने मानिसका लागि दीर्घकालीन बसाइको प्रावधान स्थापना गर्न आवश्यक रहेको सुझाव समितिको छ। स्वदेशी र विदेशी पर्यटकबीचको असमानता हटाउने गरी सबै पर्यटन गतिविधिमा लागू हुने नीति परिमार्जन गरी एकद्वार प्रवेश नीति लागू गर्नु आवश्यक छ। प्रतिबन्धित क्षेत्रमा पदयात्रा अनुमति, आन्तरिक उडान र राष्ट्रिय निकुञ्ज संरक्षण क्षेत्रमा एउटै शुल्क लागू गर्नुपर्ने प्राविधिक समितिले सुझाव दिएको संयोजक गिरीले जानकारी दिए ।

नेपालमा हवाई सेवाको सुदृढीकरण र प्रवर्द्धनका लागि हवाई सेवा सम्झौताको समीक्षा गर्न आवश्यक छ। त्यसमा पारस्परिक अन्तर्राष्ट्रिय आधार र सहरदेखि सहरसम्मको उडान व्यवस्थित गर्नु आवश्यक छ। पोखरा, नेपालगन्ज, विराटनगरलाई केन्द्र बनाएर अन्तर सहरमा हुने उडानले आन्तरिक पर्यटनको विस्तार हुने देखिन्छ ।

पर्यटन क्षेत्रका सरोकारवालाबाट कम्तीमा पाँच जना व्यक्ति छनोट गरी नेपाल पर्यटन बोर्डलाई पुनःसंरचना गर्न आवश्यक छ । विद्यमान संरचनाअनुसार बोर्डले निजी क्षेत्रको खास प्रतिनिधित्व हुन नसकेका विषयलाई समयानुकूल सम्बोधन गर्नुपर्ने समितिले विशेष प्राथमिकताका साथ सुझाव दिएको छ ।

आन्तरिक र विदेशी पर्यटकबीचको असमानता हटाउन आन्तरिक पर्यटकलाई पनि हरियो प्लेटका सवारी साधन प्रयोग गर्न दिनुपर्ने, मनोरञ्जन, चलचित्र छायाङ्कन, ड्रोनको प्रयोग, बैठक प्रोत्साहन, स्म्मेलन र प्रदर्शनी जस्ता माइस पर्यटनका लागि पर्यटन नीतिलाई सरलीकृत र अनुमगन गर्नुपर्नेछ ।

विद्यमान नागरिक उड्डयन ऐनमा समयानुकूल र आवश्यकताअनुसार परिमार्जन गर्न आवश्यक देखिएको छ। नेपालको मौसम पूर्वानुमान सेवा महत्वपूर्ण बिन्दु जस्तै थोरङला, चोला र अन्य महत्वपूर्ण स्थानका पदयात्रा मार्ग पहँचयोग्य बनाइनुपर्छ । त्यसो भएको खण्डमा हिमालमा मौसमसम्बन्धी दुर्घटना र ज्यान गुमाउनेको सङ्ख्या कम जान्छ ।

अध्यागमन विभागको शुल्क माथिल्लो मुस्ताङ र माथिल्लो डोल्पाका लागि उच्च छ । कूल १० दिनका लागि ५०० अमेरिकन डलर लाग्छ। यसलाई सबै पर्यटकका लागि प्रतिदिन २५ अमेरिकन डलरमा घटाउनुपर्छ ।

पुराना र अव्यावहारिक अनिवार्य इजाजत पेस गर्नुपर्ने प्रावधानमा हेरफेर गर्नुपर्ने सुझाव दिएको समितिले नेपाल पर्यटन बोर्ड, ट्रेकिङ एजेन्सिज एसोसियसन अफ नेपालले संयुक्त रुपमा सञ्चालन गरेको टिम्सलाई नेपालभर व्यवस्थित र नियमित गर्न अनुगमन र विस्तार आवश्यक छ। टिम्सको अनलाइन वितरणलाई भरपर्दो बनाउन आवश्यक छ ।

समान स्तर र सुविधा भएका केही होटलका लागि दर भने भिन्न हुने गरेको अवस्थालाई ध्यान दिइ सरकारले राजस्व आर्जनमा वृद्धि गर्न र आतिथ्यताको गुणस्तर सुधार गर्ने होटलको सेवा गुणस्तर वा वर्गीकरणका आधारमा दर निर्धारण गर्नुपर्छ । ती होटलले अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्नुपर्नेछ ।

अध्यागमन विभागसँग समन्वय गर्दै बायोमेट्रिक परीक्षण प्रणाली, अनलाइन प्रवेशाज्ञा र ई पेमेन्ट व्यवहारमा ल्याउनुपर्ने र कर्मचारीलाई ग्राहक हेरचाहमा उच्चस्तरको तालिम दिइनुपर्ने र उपयुक्त पोसाक कोड र व्यवहारको पालना गर्नुपर्नेमा जोड दिइएको छ। विद्युतीय कारोबारले सहज रुपमा पर्यटक आवागमनलाई थप सहज बन्ने र त्यसले नेपालको समृद्धिको आधारसमेत तयार पार्ने समितिको सुझाव रहेको संयोजक गिरीको भनाइ छ ।

# कोहलपुर नगरपालिकाका स्वतन्त्र उम्मेद्वार अर्यालको चुनाव चिन्ह लौरो

**गणेश रावत/मध्यान्ह**
कोहलपुर, १७ वैशाख

कोहलपुर नगरपालिकाको मेयर लागि स्वतन्त्र उम्मेद्वारी दिएका देवानन्द अर्यालले चुनाव चिन्ह लौरो पाएका छन् ।

'अटेरी' अभियानका अर्याललाई निर्वाचन आयोगले शनिबार चुनाव चिन्ह लौरो दिएको हो । चुनाव चिन्ह प्राप्त गरेलगतै उनले घरदैलो अभियानलाई तिव्रता दिएका छन् । उनले उम्मेद्वारी घोषण गरे पश्चात केही समयमै जनताको भावना र आवश्यकता बुझ्न घरदैलो



अभियान सञ्चालन गर्ने अवसर मिलेको बताए । उनले सबैभन्दा धेरै ठूलो समस्या बेरोजगारी भएको बताए । उनले भने, 'कोहि देश छोड्न् बाध्य भएका छन् । घरखर्च चलाउन हम्मेहम्मे हुने गरेको स्थानीयको गुनासो छ । शिक्षा र स्वास्थ्य अहिलेको मुख्य समस्या भएको देखें ।' घरदैलो अभियानमा जाँदा धेरै जिज्ञासा र गुनासा गरेको उनले बताए । मुस्लीम समुदायका व्यक्तिहरुले छोरीहरुलाई ५ कक्षा देखि ७ कक्षासम्म मात्रै पढाउने गरेको उनले बताए । उनले आगामी दिनमा मुस्लीम समुदायका छोरीहरुलाई पठनपाठनका लागि विशेष योजना ल्याउने समेत बताए ।

## दोहोरो ....

विद्रोही उम्मेद्वारी फिर्ताको प्रयास भएपनि देशभर खास पहल कांग्रेस नेतृत्वबाट भएन । परिणाममा कांग्रेसका तर्फबाट ठुलो संख्यामा स्वतन्त्र उम्मेद्वार छन् । स्वतन्त्र उम्मेदवार आंकलन भन्दा बढी परेको भन्दै निर्वाचन आयोगले नै कतिपय जिल्लाका लागि पुनःमतपत्र छपाइ गर्नुपर्ने बताएको छ ।

एकीकृत समाजवादीका नेता जीवनराम श्रेष्ठ पनि सत्तागठबन्धनमा रहेको कांग्रेसमा अलि बढी अहम पैदा भएको बताउँछन् । यसका पछाडि केन्द्रीय नेताहरुको दोहोरो नीति मुख्य जिम्मेवार रहेको उनको निष्कर्ष छ । 'वालुवाटारमा गठबन्धनमा भागवण्डा सबै मिल्छ । प्रदेश र जिल्लामा पुग्दा मिल्दैन' नेता श्रेष्ठ थप्छन्, 'कार्यकर्ता नमिलेर पनि कतिपय ठाउँमा गठबन्धन भएन । तर, मुख्यत वालुवाटारमा भागवण्डा गर्न तयार हुने प्रदेश र जिल्लाका नेताहरुलाई भेटेर उचाल्ने कांग्रेस प्रवृति समस्याका रुपमा रह्यो ।'

नेता श्रेष्ठको शब्दमा देशभर सत्तागठबन्धनको तालमेल छ पनि र छैन पनि । महानगर र उपमहानगरको भागवण्डा केन्द्रबाटै भएको छ तालमेल छैन कसरी भन्ने ! तालमेल छ भन्दा कांग्रेसले एक्लै ६५० तहको नेतृत्वमा उम्मेद्वारी दिएको छ । अपेक्षित रुपमा बागी उम्मेदवारको मनोनयन पनि फिर्ता भएन ।

## श्रममन्त्री ....

हुनेछ । भेटवार्तामा कार्यवाहक राजदूत मोतिबहादुर श्रीस पनि सहभागी थिए । यसअघि मन्त्री श्रेष्ठले मलेसियाका समकक्षी सेरी एम सराभननसँगको द्विपक्षीय बैठकमा श्रम सम्झौतालाई प्रभावकारी कार्यान्वयन गर्ने सहमति भएको थियो ।

साथै नेपाल र मलेसियाबीच संयुक्त कार्यदलको तेस्रो बैठक छिट्टै काठमाडौंमा गर्ने सहमति पनि भएको छ । मन्त्री श्रेष्ठको नेतृत्वमा भएको उच्चस्तरीय टोलीले मलेसियास्थित सामाजिक सुरक्षा संस्था (सोस्को)को समेत भ्रमण गरेको छ ।

## श्रमिक...

महशुस गर्ने कार्यमा सरकार चुकेको बताएका छन् । हुनत, नेपालको संविधानले हरेक नागरिकले रोजगारी र सामाजिक सुरक्षाको अनुभुति गर्न पाउनुपर्ने व्यवस्था गरेको छ । प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, आफ्नो क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता प्रदान गरिने रोजगारीको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको प्रस्तावनामै राखिएको छ । त्यत्तिमात्रै होईन, नेपालमा श्रम ऐन २०७४, ट्रेड युनियन ऐन २०४९, समाजिक सुरक्षा नियमावली र योगदानमा आधारित समाजिक सुरक्षा ऐन लगायतका थुप्रै कानूनहरुको व्यवस्था त गरिएको छ । तर, ती कानूनहरुको उचित कार्यान्वयन नहुँदा श्रमिकहरु अझैपनि आफ्नो अधिकारबाट वञ्चित छन् । अझ खाडी मुलुकमा गएका धेरै श्रमिकहरुले त रोजगारदाताको दमन मात्रै सहेका छैनन् कतिपयको त मृत्यु नै भएको छ । कानून र ऐनमा अधिकारका कुरा व्यवस्था गरिएपनि वास्तविक श्रमिकहरुले त्यसको अनुभूति गर्न नपाउँदा श्रम दिवसबारे बेखबर श्रमिक पीडामा छन् । वर्षेनि ब्यानर, भाषण र भव्य कार्यक्रम गरेर मजदुर दिवस मनाएपनि वास्तविक पीडितले भने त्यसको महशुस नगर्दा दिवसको औचित्यताबारे नै प्रश्न उठिरहेका छन् ।

# ४७ घरधुरीको जोखिम टऱ्यो



**काठमाडौं/मस**– नुवाकोटको दुप्चेश्वरमा बस्तीमाथि जोखिमको रुपमा रहेको २० हजार घनमिटरको ठूलो ढुंगा सेनाले ब्लाष्टिङ गरेको छ । दुप्चेश्वर गाउँपालिका १ घ्याङ्गफेदीस्थित नेगी गाउँको बस्तीमाथि रहेको करिब २० हजार घनमिटरको ठूलो ढुंगा सेनाले ब्लाष्टिङ गरेर फुटाएसँगै ४७ घरधुरीका २ सय ८५ परिवारको जोखिम टरेको छ ।

बस्तीमाथि जोखिम भएकाले सो ठूलो ढुंगा सेनाको सहयोगमा ब्लास्टिङ गरिएको गाउँपालिका अध्यक्ष योविन्द्र सिंह तामाङले बताए । 'ढुंगाको जोखिम त टऱ्यो । तर ब्लाष्टिङले जमिन हल्लिएकाले पूर्णरुपमा जोखिम टरिसकेको छैन । अब वर्षा भएपछि अर्को वर्षबाट पूर्णरुपमा सुरक्षित हुन्छ,' उनले भने । यसपालि भने पहिरोको जोखिम छ । सैनिक प्रवक्ता सहायक रथी नारायण सिलवालले नुवाकोट जिल्ला विपद् व्यवस्थापन कोष र दुप्चेश्वर गाउँपालिकासँगको सहकार्यमा कालीभञ्जन गण (ई) बाट खटिएको प्राविधिक टोलीले ब्लास्टिक गरेको बताए । उनका अनुसार फागुन १४ गतेबाट ब्लाष्टिङ कार्य शुरु गरी वैशाख १५ गते ढुङ्गा व्यवस्थापन सम्पन्न गरिएको हो ।

## नौ महिनामा एक करोड ४६ राजस्व संकलन

**जनकपुर/मस**–जिल्ला ट्राफिक प्रहरी कार्यालय जनकपुरधाम धनुषाले चालु आर्थिक वर्ष २०७८/०७९ को नौ महिनामा रु एक करोड ४६ लाख राजस्व संकलन गरेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका अनुसार चालु आर्थिक वर्षको साउनदेखि चैत महिनासम्ममा ट्राफिक नियम उल्लंघन गरी चलाउने १७ हजार ५५० सवारी साधनमाथि कारबाही गरी रु एक करोड ४६ लाख ७४ हजार राजस्व संकलन गरेको हो । पूर्वपश्चिम राजमार्ग तथा अन्य सहायक मार्गमा ट्राफिक जाँच बढाएकाले ट्राफिक नियमको उल्लघंन गर्ने सवारी साधनमाथि कारबाही गरी अघिल्लो वर्षको सोही अवधिको तुलनामा बढी राजस्व संकलन भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक चन्द्रभूषण यादवले जानकारी दिए ।

यस्तै चालु आव ०७८/०७९ को नौ महिनामा धनुषाको विभिन्न सडक खण्डमा भएको एक हजार ५५सवारी दुर्घटनामा परी ८० ले ज्यान गुमाएको प्रहरीले जनाएको छ । बढ्दो सवारी साधनको चाप, साँघुरो सडक, चालकको लापर्बाही तथा सडकमा छाडिने पशुचौपायाका कारण सवारी दुर्घटना बढ्को प्रहरी निरीक्षक यादवको भनाइ छ ।

# समान कामका लागि समान ज्याला पाउनुपर्ने माग

**काठमाडौं/मस**– अनौपचारिक क्षेत्रका श्रमिकले समान कामका लागि समान ज्याला पाउनुपर्ने माग गर्दै यसका लागि सरकारको ध्यानाकर्षण गराएका छन् ।

अन्तर्राष्ट्रिय श्रमिक दिवसको पूर्वसन्ध्यामा होमनेट नेपालको अगुवाइमा नेपाल महिला एकता समाज, राष्ट्रिय महिला अधिकार मञ्च, जिफन्ट, एनटीयूसी र एक्सन एडद्वारा संयुक्तरुपमा आयोजित अन्तर्क्रियामा उनीहरुले समान कामका लागि समान ज्यालाको आवाज उठाएका हुन् ।

कार्यक्रममा अनौपचारिक क्षेत्रमा कार्यरत महिला श्रमिकले सरकारी निकायका अधिकारी, श्रम संगठन तथा निजी क्षेत्रका प्रतिनिधिसामु आफ्ना पीडा र संघर्षका कथा सुनाएका थिए ।

पहिलोपटक सार्वजनिक कार्यक्रममा आफ्ना धारणा राखेका ती श्रमिकले महिला र पुरुषको ज्याला बराबर हुनुपर्ने, कार्यस्थलमा सम्मानजनक व्यवहार हुनुपर्ने, घर तथा समाजदेखि सरकारी तथा अन्य कार्यालयमा महिला श्रमिकलाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुनुपर्नेमा जोड दिए ।

गोदावरी नगरपालिकाकी गृहश्रमिक लक्ष्मी वली, दक्षिणकालीकी कृषि मजदूर शिला पुर्कुटी, शंकरापुर-८ की कृषि मजदुर शर्मिला तामाङ, शंकमूलकी घरेलु श्रमिक लक्ष्मी क्षेत्री, कीर्तिपुरकी गृहश्रमिक उषा महर्जन, वसन्तपुरकी घरेलु श्रमिक सरिता श्रेष्ठ, शंकरापुरकी कृषि श्रमिक डोल्मो नेसुर र बडिखेलकी गृहश्रमिक मनिता तामाङ पहरीलगायतका महिला श्रमिकले आफ्ना संघर्षका कथा सुनाएका हुन् ।

कृषि श्रमिक नेसुरले आफू पनि अब असमान ज्यालामा काम नगर्ने वाचा गर्दै अरु श्रमिक महिलालाई पनि आइन्दा समान कामका लागि समान ज्याला दाबी गर्न आह्वान गरिन् । उनले भनिन्, 'समान ज्याला नपाए काममै नजाउँ, बरु आफ्नै घरको काम गरौं ।'

कृषि, निर्माण जस्ता क्षेत्रमा आफूहरुले पुरुषले जतिकै कठिन तथा जोखिमपूर्ण काम गरे पनि समान ज्याला पाउन नसकेको गुनासो उनीहरुको थियो ।

उनीहरुका संघर्षका कथा सुनेपछि स्वास्थ्य मन्त्रालयको लैंगिक समानता तथा सामाजिक समावेशीकरण शाखा प्रमुख रोशनीदेवी कार्कीले संविधान, कानुन र सरकारले ल्याएका विभिन्न कार्यक्रममा लैङ्गिक समानताका हक सुनिश्चित गरेको हुँदा ती अधिकार प्राप्तिका लागि सम्बन्धित व्यक्तिहरु आफैं अघि बढ्नुपर्ने बताइन् ।

सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकका लागि पनि स्वास्थ्य उपचारलगायतका सामाजिक सुरक्षा योजना लागू गर्न लागेको जानकारी दिए ।

उनले आगामी आर्थिक वर्षदेखि तोकिएका अस्पतालमा अनौपचारिक श्रमिकको पनि स्वास्थ्य उपचार गर्ने कार्यक्रम लागू गर्न लागिएको जानकारी दिए ।

त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक तथा श्रमविज्ञ उमेश उपाध्यायले नेपालको श्रम क्षेत्रका लैङ्गिक असमानताको अवस्था र त्यसको निराकरणका लागि लिनुपर्ने पहलबारे जानकारी गराए ।

होमनेट नेपालका कार्यकारी निर्देशक ओम थपलियाले संविधान, कानुन र सोअन्तर्गतका योजनाले औपचारिक क्षेत्रलाई मात्र समेटेका कारण अनौपचारिक क्षेत्रमा कार्यरत झण्डै ९२ प्रतिशत श्रमिक श्रम कानुन, नीति र सामाजिक सुरक्षालगायतका योजनाबाट वञ्चित हुनुपरेको स्थिति प्रस्तुत गरे ।

### स्थानीय तह निर्वाचन

# सुरक्षा व्यवस्थामा कुनै कसुर बाँकी नराख्न गृहमन्त्रीको निर्देशन



**काठमाडौं/मस**–स्थानीय तह निर्वाचनका सम्बन्धमा आइपर्ने सुरक्षा चुनौतीका विषयमा शनिबार गृह मन्त्रालयमा छलफल भएको छ ।

गृहमन्त्री बालकृष्ण खाँणको अध्यक्षतामा भएको निर्वाचन सुरक्षा गोष्ठीमा आइपर्ने चुनौती र त्यसको समाधान गर्दै कसरी निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित रुपमा सम्पन्न गर्ने भन्ने विषयमा छलफल भएको थियो ।

गोष्ठीमा भर्चुअल रुपमा प्रदेशगत प्रस्तुतीकरण गरिएको थियो । प्रदेशगत प्रस्तुति सुनेपछि गृहमन्त्री खाँणले निर्वाचन स्वच्छ, निष्पक्ष र धाँधलीरहित तरिकाले उपलब्ध प्राप्त स्रोतसाधनको उपयोग गरेर सम्पन्न गर्न निर्देशन दिएका थिए ।

गोष्ठीमा केन्द्र, प्रदेश र जिल्लाका सुरक्षा समितिका पदाधिकारी र सदस्यलाई निर्देशन दिँदै मन्त्री खाँणले निर्वाचन स्वच्छ, निष्पक्ष र धाँधलीरहित रूपमा सम्पन्न गर्न सुरक्षा व्यवस्थामा कुनै कसुर बाँकी नराख्न आग्रह गरेका छन् ।

स्थानीय तह निर्वाचनका लागि भर्ना भएका म्यादी प्रहरीलाई आगामी दिनमा सुरक्षा निकायमा भर्ना हुँदा प्राथमिकतामा राख्न सुरक्षा निकायका प्रमुखलाई उनले निर्देशन दिए । उनले सीमित स्रोतसाधन उपयोग गरेर अहिलेसम्म जिल्ला जिल्लामा भएको निर्वाचनको सुरक्षा सम्बन्धमा भएको तयारी प्रशंशायोग्य रहेको पनि बताए ।

# नागरिकता नबन्दा समस्यामा ज्येष्ठ नागरिक

**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), १७ वैशाख



पाल्पाका जेष्ठ नागरिक नागरिकता नबन्दा समस्यामा परेका छन् । 'जवानीमा त मेलापात गरेरै जीवन धानियो, बूढेसकालमा काम गर्न सक्ने तागत छैन, कसरी बाँच्ने हो ?' ७८ वर्षीया तुलसा पाण्डेयले गुनासो पोखे । बुढ्यौली उमेरमा उनलाई आफन्तको स्याहारसुसार, रेखदेख त परै जाओस् बिहान साँझको छाक जोहो गरिदिने कोही छैन ।

रामपुर नगरपालिका–८ बस्ने पाण्डेयलाई न दिनको भोक न रातको निद्राजस्तै भएको छ । बिहान साँझको छाक कसरी टार्ने भन्ने चिन्ताले उहाँलाई पिरोलेको छ । आफन्तको साहाराविहीन पाण्डेयलाई दैनिक गुजारा चलाउन सकस छ। नेपाली नागरिकता नबन्दा सामाजिक सुरक्षा कार्यक्रमबाट वञ्चित हुनुपरेको उनी बताउँछन्।

नागरिकता बनाउन उनले यहाँका जनप्रतिनिधि, राजनीतिक दल, गाउँवासी सबैलाई पटकपटक आग्रह गरिरहेका छन् तर अहिलेसम्म नागरिकता पाउन सक्नुभएको छैन। नागरिकतामा परिवारको तर्फबाट प्रमाणित गर्ने व्यक्ति नहुँदा नेपाली नागरिकता पाउनबाट उनी वञ्चित हुनुपरेको छ ।

उनले भने, 'नेपाली नागरिकता पाएमा सरकारले दिएको ज्येष्ठ नागरिक भत्ता त पाउँथे, त्यसबाट गुजारा चलाउँथे, सबैसँग बिन्ति गरे अहिलेसम्म नागरिकता बन्न सकेको छैन, हामीजस्ता बूढाबूढीलाई सरकारले दिएको सुविधा उपभोग गर्ने व्यवस्था मिलाइदिनुपर्‍यो ।'

सोही ठाउँकै ७१ वर्षीया फनिसरा ढुंगानाको पनि समस्या उस्तै छ । उहाँ पनि नागरिकता पाउने आशामा बसिरहेकी छन् । तर अहिलेसम्म बन्न सकेको छैन । परिवारको अवस्था नाजुक हुँदा हाल बहिनी बुद्धिमाया भुसालसँग बसोबास गर्दै आएकी छन् । नागरिकता आफूसँग नहुँदा ज्येष्ठ नागरिकका लागि सरकारले दिएको सुविधाबाट वञ्चित हुनुपरेको फनिसरा बताउँछिन् ।

रामपुर नगरपालिका–२ तिलिङ्डाँडा बस्ने जितमाया थापा नेपाली नागरिक भएर पनि आफू नेपाली हुँ भन्ने प्रमाण साथमा नभएको बताउँछिन् । श्रीमानले अर्की श्रीमती ल्याएपछि उनी घरबाट निकाला भइन् । श्रीमानले नागरिकता नबनाइदिएको हुँदा जति सक्दो चाँडो नागरिकता दिलाइदिन सबैसँग अनुरोध गरिन् ।

उनी भन्छिन्, 'श्रीमानले अर्की बिहे गरेपछि मलाई घरबाट निकालिदिनुभयो, बहिनीको घरमा बसिरहेको छु, नागरिकता मात्रै बनेमा सरकारले दिने भत्ता पाइन्थ्यो, त्यसैबाट थोरै भए पनि जीविका चलाइन्थ्यो ।'

परिवारको तर्फबाट प्रमाणित गर्ने सदस्य कोही नभएको र नागरिकता बनाउने प्रक्रियामा नीति नियम, कानुनले गर्दा अप्ठ्यारो परेको रामपुर नगरपालिकाका कार्यवाहक प्रमुख विष्णुदेवी घिमिरे आचार्य बताउँछिन् ।

'हामीले उहाँहरुका अवस्थाका बारेमा छर्लङ्ग बुझेका छौँ, नागरिकता बनाई दिन प्रमुख जिल्ला अधिकारीसमक्ष पनि कुरा पुगेकै छ, तर कानुन र नीति नियमलाई पनि अनुशरण गर्नैपर्‍यो, हामीले चाहेर मात्रै भएन, प्रक्रिया नपुग्दा अप्ठ्यारो भइरहेको छ' उनले भनिन् । जितमाया थापालाई हालै नगरपालिकाले खाद्यान्न व्यवस्थापन, बालबालिकाको शिक्षा सहजता, कानुनी सहायताका लागि रु ११ हजार रकम, तुलसा पाण्डेय र फनिसरा ढुङ्गानालाई खाद्यान्न व्यवस्थापन तथा औषधि उपचारार्थ रु सात/सात हजार लैङ्गिक हिंसा निवारण कोषअन्तर्गत रकम सहयोग गरिएको महिला बालबालिका तथा सामाजिक विकास शाखाका महिला सहायक विकास निरिक्षक पूजा परियारले बताइन् ।

वडाले उपलब्ध गराएको सिफारिसको आधारमा समस्यामा परेका अति विपन्न, साहाराविहीन नागरिकलाई नगरपालिकाले सहयोग गरेको छ । सानो भए पनि सहयोग रकम पाउँदा उनीहरु उत्साहित छन् । नगरपालिकाले समस्यामा परेका नागरिकलाई यसभन्दा अगाडि पनि आर्थिक रकम सहयोग गरेको छ ।

आर्थिकरुपले विपन्न, अशक्त, असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैँले गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकले सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्न नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिरहेको छ ।

# बहुमूल्य जडीबुटी सुनखरीसहित महिला पक्राउ



**गलकोट/मस**–जिल्ला प्रहरी कार्यालय बागलुङले सुनखरी (जडीबुटी)सहित एक महिलालाई पक्राउ गरेको छ ।

प्यूठानको स्वर्गद्वारी नगरपालिका–३ की देवी केसीलाई जिल्ला प्रहरी कार्यालय बागलुङको प्रहरी टोलीले २५० केजी सुनाखरीसहित बागलुङ नगरपालिका–१ मालढुंगाबाट पक्राउ गरेको हो । शंकास्पदरूपमा फेलापरेकी केसीको साथबाट फरक–फरक तौलका १० वटा बोरामा रहेको खैरो रङको सुनाखरी बरामद गरेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले बताए ।

बागलुङबाट काठमाडौं लैजाँदै गरेको उक्त सुनाखरी नियन्त्रणमा लिएर थप अनुसन्धानका लागि डिभिजन वन कार्यालय बागलुङमा पठाउने तयारी गरेको सूचना अधिकारी रानाले बताए । बहुमूल्य जडीबुटी ओसारपसार हुन लागेको सूचनाका आधारमा प्रहरीले विशेष टोली खटाएर केसीलाई पक्राउ गरेको हो ।

# बुद्धिजीवीहरुलाई चुनावमा होमिन उपाध्यक्ष पौडेलको आग्रह

**मध्यान्ह संवाददाता**
बुटवल, १७ वैशाख



नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेलले बुद्धिजीवीहरूलाई निर्वाचनमा होमिन आग्रह गरेका छन् ।

एमाले बुद्धिजीवी तथा पेशागत उपसमितिले शनिबार बुटवलमा आयोजना गरेको भेलालाई सम्बोधन गर्दै पौडेलले पूर्व अर्थमन्त्रीसमेत रहेका उपाध्यक्ष पौडेलले बुद्धिजीवी र पेशागत क्षेत्रको निर्देशनलाई जनताले सहज रुपमा मान्ने भएकाले मतदातालाई गोलबन्द गर्न आग्रह गरे ।

वैशाख ३० मा हुने स्थानीय तह निर्वाचनमा एमालेका उम्मेद्वारहरूलाई जिताउने गरी खटिन उनको निर्देशन थियो । उनले 'न्युट्रल' मतदातालाई 'कन्भिन्स' गर्न बुद्धिजीवीहरूको ठूलो भूमिका हुने बताए ।

'अब निर्वाचन आउन धेरै दिन बाँकी छैन, सम्पूर्ण व्यक्तिगत कामलाई थाती राखेर निर्वाचनमा सबै उम्मेद्वारहरूलाई जिताउन लाग्नुहोस्,' उपाध्यक्ष पौडेलले भने, 'आजदेखि मतगणना शुरू नहुँदासम्म तपाईंहरू लागे मतदाताहरू 'कन्भिन्स' हुन्छन् । पार्टीका सबै उम्मेद्वार जिताउने प्रमुख दायित्व पेशागत र बुद्धिजीवी क्षेत्रका साथीहरूमा छ ।' पौडेलले बुटवलमा राष्ट्रिय जनमुक्ति पार्टीसँग पनि चुनावी तालमेल भएको भन्दै मतदाता शिक्षा आवश्यक रहेकोसमेत बताए ।


'एमालेका उम्मेद्वारसँगै जनमुक्ति पार्टीका उम्मेद्वारहरू कहाँ–कहा उम्मेद्वार हुनुहुन्छ त्यसको जानकारी मतदातालाई आवश्यक छ,' 'एमालेका उम्मेद्वारको भन्दा जनमुक्तिका उम्मेद्वारको कम भोट आए मान्य हुने छैन ।' उनले भने ।

बुटवलमा निर्माणाधीन ठूला विकासका पूर्वाधारहरू सम्पन्न भए यहाँको विकास लगभग सकिनेसमेत उनको भनाइ थियो । उनले एमाले जनप्रतिनिधि निर्वाचित भएपछि शासक होइन सेवक बनेर काम गर्दै जनता र सरोकारका विषयमा काम गर्दै आएको बताए ।

एमाले लुम्बिनी प्रदेश उपाध्यक्ष तथा पूर्वमन्त्री भोजप्रसाद श्रेष्ठले नगरको विकास र भिजन एमालेसँग मात्र रहेको बताए । नगरलाई नयाँ पहिचान समृद्ध बुटवलको नारा एमालेले मात्र पूरा गर्न सक्ने बताए । राष्ट्रिय जनमुक्ति पार्टीका जिल्ला सदस्य थर्क बहादुर बाह्रघरेले तालमेलले एमाले र जनमुक्तिको जित सुनिश्चित रहेको बताए ।

पेशागत तथा बुद्धिजीवी परिचालन समितिका संयोजक खगराज शर्माको अध्यक्षता रहेको कार्यक्रममा एमाले लुम्बिनी प्रदेश प्रचार विभाग सदस्य इन्दिरा अर्यालले स्वागत मन्तव्य राखेकी थिइन् । पेशागत तथा बुद्धिजीवी परिचालन समितिका सह–संयोजक रमेश पाण्डेले कार्यक्रम सञ्चालन गरेका थिए ।

# नेपाल–भारत सीमाको दशगजामा कडाइ



**नेपालगञ्ज/मस**– बाँकेको नेपाल–भारत सीमाको दशगजा क्षेत्रबाट अवैध हातहतियार भित्रिन सक्ने र निर्वाचन प्रभावित हुने भन्दै नाकामा कडाइ गरिएको छ । वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा खुला सीमाका कारण भारतबाट अवैध घटना हुन सक्ने सम्भावना रहेको उल्लेख गर्दै नाकामा कडाइ गरेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

अहिले जमुनाह र रुपैडिया नाकामा दुवै देशका सुरक्षाकर्मीले आवागमनमा सुरक्षा जाँचलाई कडाइ गरेको र दुवै देशका सुरक्षाकर्मीले संयुक्त सुरक्षा गस्तीसमेत सुरु गरेको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले जानकारी दिए ।

प्रनाउ न्यौपानेले सीमा क्षेत्रमा नेपाल र भारतको तर्फबाट शनिबार बस्ने संयुक्त सुरक्षा अधिकारीहरूको बैठकले नाकाका विषयमा ठोस निर्णय लिने जानकारी दिँदै त्यसका लागि नेपालको तर्फबाट तयारी भइरहेको बताए । सो बैठकले निर्वाचनलाई ध्यानमा राखेर नेपालगञ्जको मुख्य नाका ७२ घण्टाका लागि बन्द हुनेलगायतका निर्णय हुने बताइएको छ । सीमा क्षेत्रको जमुनाह गेटबाट पश्चिम सुक्खा बन्दरगाह क्षेत्र र सो अगाडि साइगाउँसम्म सुरक्षाकर्मीले संयुक्त गस्तीसमेत गर्नेछन् । जिल्लासँग भारतको सीमा जोडिएको क्षेत्र ६५ किलोमिटर पर्छ ।

बाँके जिल्लाका सबै मतदानस्थलमा सिसीटिभी क्यामेरा जोड्ने तयारी भइरहेको छ । बाँकेका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले त्ससका लागि तयारी भइरहेको र केही दिनमै काम सुरु गर्ने जानकारी दिए ।

'हामी त्यसैको तयारीस्वरुप विभिन्न मतदानस्थल अनुगमन गरिरहेका छौँ', प्रजिअ खत्रीले भने । सरकारले निर्वाचनका लागि सिसीटिभी क्यामेरा अनिर्वाय गरेको छ । जिल्लामा कुल मतदानस्थल १३६ र मतदान केन्द्र ३७९ छन् । सुरक्षाका दृष्टिकोणले ११२ अतिसंवेदनशील र २४ संवेदनशील मतदानस्थल छन् । जिल्लामा राष्ट्रिय मान्यताप्राप्त छ दलबाहेक साना २३ दल यसपटक निर्वाचनमा सहभागी भएका छन् ।

# कृष्णनगरका उम्मेद्वार घरदैलो अभियानमा व्यस्त



**अजय मिश्र/मध्यान्ह**
कृष्णनगर, १७ वैशाख

कपिलवस्तुको कृष्णनगर नगरपालिकामा स्थानीय निर्वाचनको सरगर्मी बढेको छ। सबै राजनीतिक दल र स्वतंत्र उम्मेद्वारहरू पनि आ–आफ्नो चुनावी एजेण्डा लिएर नागरिकको घरदैलोमा पुगिरहेका छन् ।

प्रचारकै क्रममा नेपाली कांग्रेसको तर्फबाट कृष्णनगर नगरपालिकाको मेयर पदका उम्मेद्वार रजत प्रताप शाह, उप–प्रमुख पदकी उम्मेद्वार आरती देवी कुर्मीलगायत वडाध्यक्ष तथा सदस्य पदका उम्मेद्वारहरू पनि घरदैलो अभियानमा व्यस्त छन् । निवर्तमान नगर प्रमुखसमेत रहेका शाह विजयी हुनेमा शंका नरहेको उनी निकट नेताहरु बताउछन् । उनले आफू मेयर पदमा रहँदा लोकप्रिय काम गरेको नेता कार्यकर्ताको विश्वास छ । आफूले निरन्तर नगरको विकास गर्दै आएको र पुनः निर्वाचित भएमा नगरपालिकाको पूर्ण विकासका लाग्ने प्रतिबद्धता उम्मेद्वार शाहको छ ।

# कैलालीको एक होटलमा युवती मृत फेला

**गोदावरी/मस**–कैलालीको एक होटलमा एक युवती मृतावस्थामा फेला परेकी छन् । लम्की–चुहा नगरपालिका–३ स्थित धमला होटलमा ती युवती मृत फेला परेकी हुन् ।

जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी सहायक निरीक्षक मदनराज उपाध्यायका अनुसार शनिबार दिउँसो साढे १ बजे भोजपुर घर भएकी अन्दाजी २५ वर्षीया रोशनी राई मृत फेला परेकी हुन् । उनी धमला होटलको दोस्रो तलास्थित कोठा नं २०९ मा मृत फेला परेको उपाध्यायले जानकारी दिए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१८ वैशाख २०७९, आइतबार
1 May 2022, Sunday

सम्पादकीय

## सम्मानित श्रमिक समृद्ध समाज

आज विश्व श्रम दिवस । विश्वभर श्रमिकको हकहितका पक्षमा वकालत र आन्दोलनरत शक्तिले विशेष उत्सवका रूपमा मनाउने गर्छन् । नेपालमा पनि विश्व अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइदै आएको छ । श्रमिकको पक्षमा आवाज उठाउँदै आएको सामाजिक संस्थाहरूसँगै कम्युनिष्ट पार्टीहरूले १ मे (श्रमिक दिवस) मनाउने गरेका छन् । श्रमिकको हितमा ठूलो परिवर्तन आएको सम्झनामा कम्युनिष्ट पार्टीहरूले यो दिन सम्झने गर्छन् । दैनिक १६ घण्टासम्म कठोर काम श्रमिकलाई लगाउने प्रवृत्ति तोडेर दैनिक ८ घण्टाको कार्य अवधि तोकिएको र सातामा एक दिन विदाको उपलब्धी श्रमिक आन्दोलनको उपज थियो । त्यही उपलब्धीलाई जोडेर श्रमिकका पक्षमा थप सुविधाका निम्ति यो दिवसमा आवाज उठाउने गरिन्छ । श्रमिककै हितका निम्ति भनेर कम्युनिष्ट पार्टीहरूले ठूलो आन्दोलन चलाएका छन् ।

नेपालमा पनि राजनीतिक परिवर्तन र संघर्षको दौरानमा बितेको सात दशक यता श्रमिक दिवसलाई विशेष महत्व दिइने गरेको छ । राणा, पञ्चायत र राजतन्त्र अन्त्यको आन्दोलनसँगै श्रमिकको पक्षमा आवाज उठाउन नेपालमा कम्युनिष्ट पार्टीहरूले बेलाबेला सशस्त्र संघर्ष समेत गरेका छन् । तर श्रमिक संख्या भने बढेर गएको छ । कृषि मजदुरपछि औद्योगिक र सेवा क्षेत्रमा मजदुर बढिरहेका छन् । अहिले पनि नेपाल विश्वकै ३७औं ठूलो संख्याका मजदुर रहेको मुलुक हो । नेपालमा कुल जनसंख्याको एक करोड ६८ लाख श्रमिक छन् । वैदेशिक रोजगारीमा जाने संख्या मात्रै ४० लाख बढी रहेको छ । श्रमिक संख्या बढेसँगै कुल ग्राहस्थ उत्पादनमा पनि सेवा र उत्पादन क्षेत्रको योगदान बढिरहेको छ ।

तर फेरि पनि श्रमिक सम्मानित क्षेत्र बन्न सकेको छैन । निकट विगतमा भोग्नु परेको कोरोना महामारीका बेला सवैभन्दा बढी प्रताडना श्रमिकले खेप्नुपरेको थियो । त्यसमा असंगठित मजदुरको संख्या अधिक थियो । संगठित मजदुरको आय निश्चित भएपनि असंगठित मजदुरले रोग र भोकसँग एकसाथ लड्नुपरेको थियो । अहिले मुलुक स्थानीय चुनावको संघारमा छ । सवै दलहरूको घोषणापत्रले श्रमिक मजदुरलाई प्राथमिकता दिने उल्लेख गरेको छ । तर त्यो चुनावी आश्वासन मात्रै भएको तथ्य कोरोना महामारीकै बेला देखिइएको छ । जबकी बुझ्नुपर्ने तथ्य भनेको श्रम सम्मानित क्षेत्र र श्रमिकको जीवनलाई गुणस्तरी नबनाएसम्म मुलुक समृद्ध बन्न सक्दैन । समृद्ध समाजको आधार तयार हुन सक्दैन । विश्व श्रम दिवसको शुभकामना !

# मजदुर आन्दोलनको इतिहास र आज

*चार जना मजदुरलाई फाँसी दिएको ४ वर्षपछि अमेरिकी सरकार मजदुरहरूलाई आठ घण्टाको कामको माग पुरा गर्न विवश भएको थियो । मजदुरहरूले प्राप्त गरेको आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको अधिकार मजदुरहरूको सम्झौताहीन संघर्ष र उच्च बलिदानीको परिणाम थियो ।*

अग्रलेख



● राजन तिमल्सिना

२० अगस्ट, सन् १८६६ का दिन बाल्टिमोरमा जम्मा भएका ६० मजदुर संगठनहरूको एक भेलाले सर्वप्रथम आठ घण्टा कामको माग राखेर 'नेसनल लेबर युनियन' नामको संगठन निर्माण घोषणा गरे । श्रमिकहरूको अन्तर्राष्ट्रियस्तरको संगठनको नेतृत्व एच्बी सिल्विसले गरेका थिए । एचबी सिल्विस प्रथम कम्युनिस्ट अन्तर्राष्ट्रिय नेताहरूसँग लगातार पत्र व्यवहार गरिरहन्थे । सिल्विस असाध्यै प्रतिभाशाली असाधारण मजदुर नेता थिए । नेसनल लेबर युनियनको सन् १८६७ को अधिवेशनले अन्तर्राष्ट्रिय मजदुर आन्दोलनलाई सहयोग गर्ने निर्णय समेत गऱ्यो ।

सन् १८६९ मा लेबर युनियनले प्रथम अन्तर्राष्ट्रियको निमन्त्रणालाई स्वीकार गरी जनरल काउन्सिलमा एक जना प्रतिनिधि पठाउने निर्णय गरेको थियो । यसैबीच मजदुर आन्दोलनका महान् नेता एचबी सिल्विसको दु:खद निधन हुन पुग्यो । त्यस कारण सिकागोबाट प्रकाशित हुने पत्रिका वर्किङ म्यान्स एड्वोकेट (श्रमजीवीहरूको वलिक) भन्ने पत्रिकाका सम्पादक एसी केमरानलाई अन्तर्राष्ट्रियको प्रतिनिधि चुनेर पठाइयो । सिल्विकको मृत्युपश्चात् लेबर युनियनमा प्रतिक्रान्तिकारी मान्छेहरूको प्रवेश भयो, जसको परिणाम नेशनल लेबर युनियन विघटन भयो ।



कार्ल मार्क्सले नेसनल लेबर युनियनले उठाएको आठ घण्टा कामको मागलाई जोडले समर्थन जनाए । सन् १८६६ को सेप्टेम्बरमा जेनेभामा सम्पन्न प्रथम अन्तर्राष्ट्रियको कांग्रेसले भन्यो- "जबसम्म काम गर्ने समय सुनिश्चित गरेर कानुनीरूपमा बाँधिदैन, तबसम्म मजदुर वर्गको खुसीयाली र स्वतन्त्रताका लागि गरिने संघर्षको प्रयास निरर्थक सावित हुनेछ । त्यसैले कांग्रेस यो प्रस्ताव गर्दछ की आठ घण्टाको कामको दिनलाई कानुनी मान्यता दिइयोस् ।" सन् १८६७ मा प्रकाशित भएको पुँजीको प्रथम खण्डमा मार्क्सले आठ घण्टा कामको मागलाई समर्थन मात्र गरेका छैनन्, काला र गोरा मजदुरहरका बीचको भेदलाई आलोचना गर्दै मार्क्सले काला मजदुरहरूको सम्पूर्ण रूपमा मुक्ति नहुँदै गोरा मजदुरहरू पनि मुक्त हुन नसक्ने विचार व्यक्त गर्दै काला र गोरा मजदुरका बीचमा भेद होइन, वर्गीय एकतामा मार्क्सको जोड रह्यो ।

मजदुर आन्दोलन विगतबाट पाठ सिक्दै सुव्यवस्थित र संगठित ढंगले निश्चित मागहरू सहित अगाडि बढेको थियो । तर, पुँजीपति वर्गले मजदुरका मागहरूलाई सम्बोधन गरेनन् । अमेरिकामा मार्क्स र एङ्गेल्सको समाजवादी विचारधाराको पनि व्यापक प्रचार भएको थियो । समाजवादी चेतनाको कारण मजदुर आन्दोलनमा उर्जा थप्ने काम भयो ।

सन् १८८६ को मजदुर आन्दोलन अघि नै महान् नेता कार्ल मार्क्सको निधन भइसकेको थियो । एङ्गेल्स जीवित थिए र उनले दोस्रो अन्तर्राष्ट्रियको सन्दर्भमा गृहकार्य गरी रहेका थिए । एङ्गेल्सले अमेरिकाको मजदुर आन्दोलनका नेता फ्रेडरिक एडोल्फ सोर्गेमार्फत् अमेरिकी मजदुर आन्दोलनबारे जानकारी लिने काम गर्दथे । सन् १८८४ को गर्मी महिनामा फ्लोरेन्स केली विसन्थेवास्की नामकी २५ वर्षकी एक अमेरिकी युवती जुरिच विश्व विद्यालयमा अध्ययन गर्दै थिइन् । उनले फ्रेडरिक एङ्गेल्सको "बेलायतका मजदुर वर्गको अवस्था" भन्ने पुस्तक बेलायतमा अंग्रेजी भाषामा प्रकाशित गरिन् ।

सन् १८८६ को सरदमा लन्डनमा एङ्गेल्स र फ्लोरेन्स केलीको भेटघाट भयो । त्यसपछि उनको र एङ्गेल्सका बीचमा घनिष्ठता बढ्दै गयो । समाजवादी विचारधारा र अमेरिकी मजदुर आन्दोलनका सन्दर्भमा निरन्तर पत्र व्यवहारहरू हुन थाले । त्यो समयमा अमेरिकामा आठ घण्टा कामको मागलाई लिएर तिन लाख ५० हजार जनता आन्दोलनरत थिए । आन्दोलन सफलताको शिखरतिर अगाडि बढ्दै गयो ।

*वर्गीय पहिचानलाई बिर्सेर केही सुविधामा अल्झेको मजदुर आन्दोलनको एक परिचयका रूपमा अमेरिकाको मजदुर आन्दोलन रहेको छ । तर हामीलाई आशा, भरोसा र विश्वास छ, वर्ग संघर्षको इतिहासमा सधैं यस्तो अवस्था रहने छैन । आज पनि भूमण्डलीकरणको भयानक शोषण र उत्पीडनको सिकार भएका अमेरिकी मजदुरहरूलाई फेरि नयाँ शिराबाट उठ्नै पर्ने बाध्यता छ ।*

सिकागोका मजदुरहरूले ज्यालाबृद्धि र आठ घण्टा कामको मागलाई लिएर मे १, १८८६ का दिन देश नै ठप्प पार्ने गरी एउटा निर्णायक आन्दोलन गर्ने तयारीलाई अगाडि बढाए । प्रतिक्रियावादी अखबारहरूले यो तयारीलाई विभिन्न कोणबाट बदनाम गर्ने अभ्यास गऱ्यो । देशभरि मे १ का दिन ठूलो नरसंहार हुने भ्रम फैलाएर मजदुरहरूलाई तर्साउन थालियो । केही प्रतिक्रियावादी अखबारहरूले सिकागोमा 'कम्युनिस्ट विद्रोह' हुने प्रचारसमेत गरे । केही परिवर्तन विरोधी अखबारहरूले हड्तालीहरूलाई बमले उडाउनु पर्दछ भनि सरकारलाई उक्साए । तैपनि मजदुरहरू आफ्नो निर्णयमा अडिग रहँदै आन्दोलनको तयारी जुटे । मजदुर आन्दोलन विरोधी अखबारहरूले सडकको हरेक बस्तीका खम्बालाई एउटा कम्युनिस्टको लासले सिँगार्ने र हुलदङ्गा गर्नेलाई गोली र नेतालाई डोरी जस्ता शीर्षकका समाचारहरू सम्प्रेषण गरिररहे । यस्तो धम्कीबाट मजदुर नतर्सी मे १, १८८६ को दिनबाट सिकागोका मजदुरहरूले आम हडतालको घोषणा गरे ।

पहिलो दिनको आन्दोलनमा ४० हजार मजदुर सडकमा आए । दोस्रो दिन आन्दोलनमा न्यूयोर्क, बाल्टिमोर, वासिङ्टन, सेटलुई आदि सहर हुँदै देशभरी आन्दोलन फैलियो । मजदुरहरूको संख्या बढेर ८० हजार पुग्यो । मे १२ को मजदुर आन्दोलनबाट पुँजीपति वर्गको सरकार अत्तालिन पुग्यो, जसको परिणाम मे १३ को तेस्रो दिनको एक लाख मजदुर सहभागी आन्दोलनमा सरकारले गोली चलाउने आदेश दियो । चार जना मजदुर नेताहरूलाई फाँसीको सजाय दिएको घटना विश्वव्यापी भयो । मे १ आन्दोलनको समर्थन र मजदुर नेताहरूको हत्याको विरूद्धमा युरोपभरि विशाल मजदुर प्रदर्शनहरू भए ।

सन् १८८९ मा संसारका मजदुर प्रतिनिधिहरूको एउटा बैठक सम्पन्न भयो । सो बैठकले मे १ लाई अन्तर्राष्ट्रिय मजदुर दिवसका रूपमा मनाउने निर्णय गऱ्यो । सन् १८९० मा आठ घण्टा कामको मागलाई लिएर समग्र युरोपभरि विराट् मजदुर आन्दोलनहरू भए । लण्डनमा भएको मजदुर आन्दोलनमा एङ्गेल्सले भाग लिएका थिए । चार जना मजदुरलाई फाँसी दिएको ४ वर्षपछि अमेरिकी सरकार मजदुरहरूलाई आठ घण्टाको कामको माग पुरा गर्न विवश भएको थियो । मजदुरहरूले प्राप्त गरेको आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको अधिकार मजदुरहरूको सम्झौताहीन संघर्ष र उच्च बलिदानीको परिणाम थियो ।

एङ्गेल्सले मजुदर वर्गको वास्तविक हितको प्रतिनिधित्व गने समाजवादी पार्टी र राज्य सत्तामाथिको कब्जाको आवश्यकतामा जोड दिएका थिए । मजदुर आन्दोलनको पहिलो विजयको ध्वजा फहराएको र महान् वलिदानीपूर्ण संघर्षको शंखघोष गरेको सिकागो सहर अमेरिकाको उत्तरमा पर्दछ । दुई दहको किनारामा रहेको यो सहर कृषि र मासु उत्पादनका निमित्त प्रसिद्ध मानिन्छ । जनु सहरले विश्व मजदुर आन्दोलनको इतिहासमा एउटा भूल्न नसकिने स्मृतिको रूपमा परिचय दिएको छ । तर दु:खको कुरा त्यति उच्च वलिदानी इतिहास बोकेको सिकागो आज मजदुर आन्दोलनका निमित्त उर्वर भूमिका रूपमा गनिदैन ।

वर्गीय पहिचानलाई बिर्सेर केही सुविधामा अल्झेको मजदुर आन्दोलनको एक परिचयका रूपमा अमेरिकाको मजदुर आन्दोलन रहेको छ । केही विज्ञहरू अमेरिकाको मजदुर आन्दोलनले पनि प्रतिक्रियावादी चरित्र ग्रहण गरी सकेको बताउँछन् । तर हामीलाई आशा, भरोसा र विश्वास छ, वर्ग संघर्षको इतिहासमा सधैं यस्तो अवस्था रहने छैन । आज पनि भूमण्डलीकरणको भयानक शोषण र उत्पीडनको सिकार भएका अमेरिकी मजदुरहरूलाई फेरि नयाँ शिराबाट उठ्नै पर्ने बाध्यता छ ।

मे १, १८८६ मा अमेरिकाको सिकागो सहरमा भएको मजदुर आन्दोलन आठ घण्टा मात्र कामको मागसित सम्बन्धित छ, भयानक बलिदानका कारण यो आन्दोलनले मजदुरहरूका केही कानुनी हक र मान्यतालाई स्थापित गराएको थियो । त्यसैले आजको मजदुर आन्दोलनमा पनि मे १ ले ठुलो ऐतिहासिक महत्व राखेको छ । वर्तमानमा अमेरिकी मजदुरहरू शोषणको जातोमा पिल्सिएका छन् । इतिहासको निर्मम समिक्षा गर्दै अमेरिकीलगायत विश्वभरका मजदुरले वर्तमानको निरन्तरतालाई क्रमभंग गर्दै नयाँ इतिहास रच्ने ऐतिहासिक र यूगीन कार्यभार पूरा गर्न क्रान्तिको अग्र मोर्चामा डटौं ।

### सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

जनता चाहन्छ, नेताले विकास/रोजगारीको सपना देखुन, र त्यस्ता सपनालाई साकार बनाउँदै जनताका आकंक्षा पूरा गरून् । तर चल्तिको राजनीतिमा त्यो संभावना रहेन । त्यसैले बडे नेताहरू अब उर्दी जारी गर्दैछन्, "जनतालाई सपना नदेखाउ !" सपनै नदेखाए पछि साकार पार्ने झंझट नै भएन । क्या काइदाको सोच !



**- मनोज दाहाल**

को कुन पार्टीको भन्ने आफ्नो ठाउँमा होला, मलाई असभ्य, अराजक र अमानवीय व्यक्ति जनप्रतिनिधिको रूपमा चाहिँदैन । क्षमता वा भिजनभन्दा मेरो लागि जनप्रतिनिधि बन्ने पहिलो सर्त मानवीय, सभ्य र विवेकी हुनु हो ।




**- सदिक्षा कार्की**

छोरोले अमेरिकाको नागरिकता पाउँदा पशुपतिमा लाख बत्ती बाल्ने आमाबाहरूलाई महानगरको मेयर चाहीँ काठमाडौंमा जन्मेको खाँटी नेवार किन चाहिने होला ? आज जो जहाँ छ उ त्यहीको लागि इमान्दारपूर्वक उभिए भएन। बाउ, बाजेले बनाइदिएको गुँडमा छोराछोरी हुर्काउने जमाना छैन हौ अब त ।



**- नारायण वाग्ले**

काठमाडौंमा ४० प्रतिशत यात्रा पैदल । ट्राफिक दुर्घटनामा मृत्यु हुनेमध्ये त्यति नै प्रतिशत पैदल यात्री । सडक टेक्न भएन, दुई फिटे पेटी हुँदै झरीमा हिँडेको केही बेरमै बिजुलीका तार छल्न कोल्टो पर्ने यात्रुहरूबीच छाता–जुधाई । आकाश पातालका चुनावी पर्चा आए, भुईं सडकको पैदले चर्चा आएन !



**- मदनमोहन**

भरतपुर चितवनले एउटा शुन्दर एवं उत्कृष्ट जन-चेतनाको शन्देश दिन सफल बनेको छ आज शमग्र मुलुकको र राजनीतिक धरातललाई, नैतिकता विहिन राजनीति, रूपैयाँ पैसा, सत्ता र शक्तिको घमण्ड गर्ने वर्गमाथी नै निष्ठाको गतिलो प्रतिनिधि झापड नै हो यो !

# महान् आमाको सम्झनामा...

सन्दर्भ : आमाऔंशी



● गणेश रावत

आमा शब्द एक पवित्र शब्द हो । संसारमा कुनै चिज छैन जसलाई आमाको मायासँग तुलना गर्न सकिने । नि:स्वार्थ मायाको खानी हुन् आमा । आमाको महिमा कुनै शब्द अनि कुनै भनाइले प्रष्ट्याउन सक्दैन । साच्चै कुनै हरफले आमाको वर्णन गर्छ भन्नु विल्कुलै असम्भव हुन्छ । आमाको मुख हेर्ने दिन, आमा खुवाउने औंशी यही अवसरमा मैले पनि मेरी आमालाई निकै सम्झेँ । म समय परिस्थितिले घरदेखि टाढा छुँ । आमा तिम्रो काख छोड्ने रहर कहाँ हो र । घरको अवस्था अनी हजुरहरूको खुशी किन्न टाढा भएको छु ।



*अरूदिन आमसँग बोल्न हिचकिचाउने सन्तानले पनि आमाको औंशीको दिन आमाको फोटो अपलोड गर्दै माया गरेको नाटक गर्छन् । माया कुनै एक दिन मात्र लाग्ने अनि बाँकी अरू दिन नलाग्ने कदापी हुन सक्दैन ।*

अरूदिन आमसँग बोल्न हिचकिचाउने सन्तानले पनि आमाको औंशीको दिन आमाको फोटो अपलोड गर्दै माया गरेको नाटक गर्छन् । माया कुनै एक दिन मात्र लाग्ने अनि बाँकी अरू दिन नलाग्ने कदापी हुन सक्दैन । म आग्रह गर्न चहान्छु, त्यस्ता सन्तानहरू जो आमालाई रूहाउँदै आजको दिन आमाकै नाममा नानाथरी लेख्दै फोटो हाल्ने गर्छन् । यो एक दिनले बिहेपछि छुटेका दिदी बहिनीहरू माइतीबाट आमाको न्यानो काख छोडेर नयाँ संसारमा जोडिन पुगेका हरेक हिन्दू चेलीहरूलाई एक गराउने अनि माइतीको आँगनमा पाइला राख्ने सौभाग्य दिन्छ ।

दुनियाँको सबैभन्दा राम्रो अनि सुरक्षित स्थल आमाको काख नै हुन्छ । हरेक सन्तानको लागि त्यही काखमा लुटपुटाउने मौका दिन्छ । आमा शब्द आफैमा एक पूर्ण शब्द जस्तो लाग्छ । आमाको त्याग तपस्या अनि ममता हरेक सन्तानको लागि अमूल्य हुन्छ । त्यो ममताको यस्तो स्रोत हो जुन हिमनदी झैं अटुटरूपमा बगिरहन्छ । जबसम्म आमा भौतिकरूपमा संसारमा जगमगाइ रहन्छिन् तबसम्म हरेक सन्तानले अटुट ममताको आनन्द महसुस गर्न पाइरहन्छन् । जन्मदेखि नै अनवरत अनी अटुटरूपमा पाइराख्ने मायाले नै सन्तानलाई यस दुनियाँमा जिउन सिकाउँछ । सन्तानको हरेक सफलतामा आमाको ममता आधार बनेर खडा हुन्छ ।

मेरी आमाले आफुले खाई नखाई मलाइलाई हुर्काउनु भयो । यो सुन्दर दुनियाँ देखाउने मेरी आमा कती महान् हुन् । म वर्णन गर्न सक्दिन । तर, बिडम्बना आजको यस समयमा आमाप्रति सन्तानको माया घटेको हो कि भन्ने आवाजहरू यत्रतत्र गुञ्जिन थालेका छन् । कहिले लाग्छ । आमाहरूलाई वृद्धा आश्रम राखेर आफु घरमा रमाएको पनि देखिन्छ । सन्तानबाट जति माया आमाबाबुले पाउनुपर्ने हो, त्यही माया सन्तानले दिन सकिरहेका छैनन् । जब बुढेसकाल लाग्छ बाबु र बुढी आमा सन्तानबाट हेला अनि अपमानित हुनुपरेको समाचारहरू पनि धेरैजसो आइरहन्छन् । म बिन्ती गर्छु, आमा महान् एउटा नारी हुन् । अपहेलाना नगर्नु होला । आफुले पनि बुढेसकालमा त्यस्तै भोग्नु पर्ने दिन आउन सक्छ ।

# अफगानिस्तानमा बढे विस्फोटका घटना, राष्ट्रसंघद्वारा निन्दा




**काठमाडौं/एजेन्सी–** अफगानिस्तानको काबुलस्थित एक मस्जिदमा भएको विस्फोटमा परी ५० भन्दा धेरै मानिसको मृत्यु भएको छ । शुक्रबार मस्जिदमा प्रार्थना भइरहेको समयमा उक्त विस्फोट भएको समाचार एजेन्सी रोयटर्सले उल्लेख गरेको छ । अफगानिस्तानमा मुसलमानको पवित्र महिना रमजानको क्रममा अफगानिस्तानमा एकपछि अर्को विस्फोटमा परी अहिलेसम्म दर्जनौं मानिसको मृत्यु भइसकेको छ ।

समाचारमा उल्लेख गरिएअनुसार शुक्रबार दिउँसो काबुलको पश्चिमी क्षेत्रमा रहेको खलिफा साहिब मस्जिदमा उक्त विस्फोट भएको हो । उक्त मस्जिदमा सयौं मानिसहरु नमाजको लागि जम्मा भएका थिए । मस्जिदका प्रमुखले उक्त विस्फोटमा परी ५० भन्दा धेरै मानिसको मृत्यु भएको बताएका छन् । यद्यपि तालिबानले भने निकै कम संख्यामा मात्र मानिसहरुको मृत्यु भएको बताएको छ ।

तालिबान सरकारको गृह मन्त्रालयका प्रवक्ता बेसमुल्लाह हबीबका अनुसर यो आक्रमणमा १० जना मानिसको मृत्यु भएको छ । मस्जिदका प्रमुखले यो आक्रमण आत्मघाती हुन सक्ने बताएका छन् । उनका अनुसार नमाज गरुञ्जेल उनी सबैको बीचमा थिए र नमाज सकिनेबित्तिकै यो आक्रमण भएको हो ।

गत साता कुन्दुज प्रान्तमा पनि यस्तै विस्फोटमा परी बालबालिकासहित ३३ जनाको मृत्यु भएको थियो ।

यसैबीच संयुक्त राष्ट्रसंघले अफगानिस्तानको राजधानी काबुलमा रहेको सुफी मस्जिदमा शुक्रबार भएको घातक विस्फोटको निन्दा गरेको छ । शहरको पश्चिममा दारुलमान क्षेत्रमा अवस्थित खलिफा साहिब मस्जिदमा भएको विस्फोट राजधानी र प्रान्तहरूमा नागरिक लक्ष्यहरूमा भएका शृङ्खलाबद्ध आक्रमणहरूमा सबैभन्दा पछिल्लो घटना हो । गैर-सरकारी संस्था इमर्जेन्सीद्वारा सञ्चालित एउटा अस्पतालले मात्र २० जनाभन्दा बढी पीडितहरूलाई भर्ना लिएको थियोजसमध्ये दुईजनाको मृत्यु भएको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

अफगानिस्तानमा संयुक्त राष्ट्रसंघ मानवीय संयोजक रमिज अलकबारोभले एक विज्ञप्तिमा उल्लेख गरेका छन् । 'रमजानको पवित्र हप्ताको अन्तिम शुक्रबार भएको विस्फोट अफगानिस्तानका जनताका लागि अर्को पीडादायी प्रहार होजो निरन्तर असुरक्षा र हिंसाको सामना गरिरहेका छन्,' उनले भने ।

'आफ्नो दैनिक कामप्रार्थनाको लागि भेला हुने, विद्यालय वा बजार जाँदा वा कामको बाटोमा जाँदा नागरिकहरूलाई अन्धाधुन्ध रूपमा निशाना बनाइनु अनुचित हो,' उनले थपे ।

अलकबारोभले नागरिक र मस्जिदहरू लगायत नागरिक पूर्वाधारहरू विरुद्ध प्रत्यक्ष आक्रमण गर्न अन्तरराष्ट्रिय मानवीय कानूनले कडा रूपमा निषेध गरेको पनि स्मरण गराएका छन् ।

# फिलिपिन्सको निर्वाचन तयारी अन्तिम चरणमा



**काठमाडौं/एजेन्सी–** फिलिपिन्समा हुन लागेको राष्ट्रिय तथा स्थानीय निर्वाचन तयारी अन्तिम चरणमा पुगेको छ । मतदान गर्ने दिन आउन १० दिन बाँकी रहँदा उम्मेदवारहरूलाई प्रचार प्रसारलाई तिव्रता दिइरहेको पाइएको छ ।

हरेक छ/छ वर्षमा हुने निर्वाचन भएकाले अहिले कोरोना भाइरसको महामारीको खतरालाई समेत प्रवाह नगरी नेता कार्यकर्ताहरू चुनावी अभियानमा लागेका छन् । उनीहरूले चुनावी भाषणसँगै नाच गान मार्फत पनि आफ्ना सन्देश तथा चुनावी एजेण्डाहरू प्रस्तुत गर्ने गरेका छन् ।

चुनाव प्रचार प्रसारका क्रममा उम्मेदवारहरूले आफ्ना प्रतिस्पर्धीहरूको खरो आलोचना गर्दै आफ्नो पक्षलाई राम्रो देखाउने प्रयास गरेका छन् । उनीहरूले चुनाव प्रसार प्रसारका लागि एकातिर सामाजिक सञ्जालको अधिकतम प्रयोग गरेका छन् भने अर्को तर्फ घरदैलो कार्यक्रम मार्फत मतदाताहरूलाई भेट्ने र भोट माग्ने पनि गरेका छन् ।

भोट माग्ने काममा कलाकार तथा विभिन्न क्षेत्रमा चर्चित व्यक्तित्वहरू समेत सक्रिय भएको पाइएको छ । सबै उम्मेदवारहरूले महामारीका कारण थला परेको अर्थतन्त्रलाई उठाउने, भ्रष्टाचार नियन्त्रण गर्ने, गरिबी घटाउने, महङ्गी कम गराउने लगायतका विषयलाई मुख्य चुनावी मुद्दा बनाएका छन् ।

फिलिपिन्समा आगामी मे ९ तारिखमा मतदान हुन लागेको छ । निर्वाचन मार्फत नयाँ राष्ट्रपति, उपराष्ट्रपति, २४ मध्ये १२ सिनेट सदस्य र प्रतिनिधि सभा सदस्यहरू चयन हुनेछन् । निर्वाचन आयोगले हजारौं अन्य स्थानीय जनप्रतिनिधिहरू समेत चयनका लागि निर्वाचन हुन लागेको जनाएको छ । विभिन्न सर्वेक्षणहरूले पूर्व राष्ट्रपति फेर्डिनान्ड मारकोसका ६४ वर्षका छोरा फेर्डिनान्ड मारकोस जुनियर अगाडि रहेको देखाएका छन् ।

# रुसी क्षेप्यास्त्र आक्रमणमा युक्रेनी पत्रकारको मृत्यु

**काठमाडौं/एजेन्सी-** युक्रेनको राजधानी किभमा बिहीबार रुसी फौजले प्रहार गरेको क्षेप्यास्त्रबाट एक युक्रेनी महिला पत्रकारको मृत्यु भएको छ । आक्रमणमा अमेरिकी लगानीमा सञ्चालित युक्रेनको रेडियो लिबर्टीकी ५५ वर्षीया पत्रकार भिरा हिरिचको ज्यान गएको हो ।

रुसले बिहीबार प्रहार गरेको दुईमध्ये एक क्षेप्यास्त्र पत्रकार भिराको घरमा खसेको थियो । उनको शव भग्नावशेषबाट निकालिएको हो । रेडियो स्टेसनकाअनुसार उनी हसिलो, दयालु र व्यावसायिक पत्रकार थिइन् ।

संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटरेस युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग वार्ताका लागि किभ भ्रमणमा रहेका बेला रुसी क्षेप्यास्त्र आक्रमण भएको हो । आक्रमणका बेला किभमा गुटरेस र जेलेन्स्कीबीच बैठक भइरहेको थियो । जेलेन्स्कीले रुसले संयुक्त राष्ट्र संघको अपहेलना गर्ने प्रयास गरेको आरोप लगाएका छन् ।

# युक्रेनबाट १० लाखभन्दा धेरैको उद्धार गरेको रुसको दाबी



**काठमाडौं/एजेन्सी-** रुसका विदेशमन्त्री सर्गेई लाभरोभले गत फेब्रुअरी २४ बाट युक्रेनमा आक्रमण शुरु भएयता अहिलेसम्म १० लाखभन्दा धेरै मानिसको उद्धार गरेको बताएका छन् । शनिबार सार्वजनिक गरिएको भाषणमा उनले उद्धार गरिएका १० लाख २० हजार मानिसमध्ये १ लाख २० हजार विदेशी रहेको उनीहरुलाई युक्रेनको डेनोट्स्क र लुहान्स्कबाट उद्धार गरिएको बताएका हुन् । रुसले युक्रेनका यी दुई क्षेत्रलाई स्वतन्त्र गणराज्यको मान्यता दिएको छ ।

राष्ट्रसंघको तथ्यांकअनुसार युक्रेनबाट अहिलेसम्म ५४ लाखभन्दा धेरै विस्थापित भइसकेका छन् ।

युक्रेन र पश्चिमा मुलुकले रुसले गरेको आक्रमण विना कारणको आक्रामकता भएको बताउँदै आएका छन् । रुसी विदेशमन्त्री लाभरोभले २८ लाख मानिसले आफूलाई रुसतर्फ उद्धार गर्न आग्रह गरेको बताएका छन् ।

यद्यपि युक्रेनले भने रुसले जबर्जस्ती हजारौं मानिसलाई रुसतर्फ लगेको आरोप लगाएको छ । मारिउपोललगायतका केही स्थानमा आम मानिसको उद्धारको कार्य रोकिएको छ । दुवै पक्षले उद्धार कार्य रोकिनुमा एकअर्कामाथि आरोप लगाउँदै आएका छन् । लाभरोभले पश्चिमा मुलुकले साँच्चै युक्रेन संकटको समाधान चाहेको भए उनीहरुले युक्रेनलाई दिँदै आएको हतियार आपूर्ति रोक्नुपर्ने बताएका छन् ।

**सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/०१/१८**

यस सा.व.स. बाट संकलित साल गोलिया काठ ७६६.१२ क्युफिट र साल दाउरा १ चट्टा बिक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**कालिका सामुदायिक वन उपभोक्ता समूह, ऋषिङ- ४, तनहुँ**

**सूचना ! सूचना !! सूचना !!!**

टिस्यु कल्चर ल्याब निर्माण गर्नु पर्ने भएकोले ईच्छुक निर्माण कम्पनीहरुलाई यो सूचना प्रकाशित भएको ३० दिन भित्र कम्पनीको कागजात सहित कार्यालयमा सम्पर्क गर्नको लागी अनुरोध गर्दछौं ।

**सम्पर्क नं. ९८५१०११७४०, ०१-४४२५४०७**
Email : himalayapotatoofficial@gmail.com
**हिमालय पोटेटो रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर प्रा.लि.**
**गोकुलगंगा गा.पा., रस्नालु-३, रामेछाप**

**सच्याइएको सूचना**

**प्रकाशित मिति : २०७९/०१/१८**

मिति २०७९/०१/११ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित नेपाल सरकार, गृह मन्त्रालय, सशस्त्र प्रहरी बल नेपाल नं. ४७ गुल्म हे.क्वा, रुकुम पश्चिमको सूचनामा **सशस्त्र प्रहरी बल नेपाल नं. ४७ गुल्म हे.क्वा. पश्चिम रुकुम दरबन्दी आई.डि.नं. ६२९७१** हुनुपर्नेमा अन्यथा हुन गएकोले सो सच्याइएको छ ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**सशस्त्र प्रहरी बल नेपाल नं. ४७ गुल्म हे.क्वा**
**रुकुम पश्चिम**

# श्रीलंकाका प्रधानमन्त्रीलाई पदमुक्त गर्न राष्ट्रपति तयार



**काठमाडौं/एजेन्सी–** श्रीलंकाका राष्ट्रपति गोताबाया राजापाक्षे आफ्ना दाजु महिन्दा राजापाक्षेलाई प्रधानमन्त्रीबाट हटाउन सहमत भएका छन् । खराब आर्थिक संकटको कारण उत्पन्न राजनीतिक गतिरोध अन्त्य गर्न आफ्ना दाजुलाई प्रधानमन्त्रीबाट हटाइ अन्तरिम सरकार गठन गर्न राष्ट्रपति राजापाक्षे सहमत भएका सांसद मैथ्रीपाला सिरिसेनाले बताए ।

शुक्रबार राष्ट्रपतिलाई भेटेपछि पूर्वराष्ट्रपति सिरिसेनाले संसदमा रहेका सबै दललाई समेटेर नयाँ प्रधानमन्त्रीको नाम र मन्त्रिपरिषद् गठन गर्न राष्ट्रिय परिषद नियुक्त गर्न राष्ट्रपति सहमत भएको जानकारी दिए । सर्वदलीय सरकार गठनको बारेमा छलफल गर्न आह्वान गरेका बैठकमा असन्तुष्ट पक्षले प्रधानमन्त्रीको उपस्थितिमा सहभागी हुन अस्वीकार गरेका थिए । यसअघि प्रधानमन्त्री बाहेक सबै मन्त्रीले राजीनामा दिएका थिए भने राष्ट्रपतिले पुनः मन्त्रीहरू नियुक्त गरेका थिए ।

समस्या गहिरिँदै गएपछि राष्ट्रपति र प्रधानमन्त्रीको राजीनामा माग गर्दै प्रदर्शनहरू भइरहेका छन् । स्वतन्त्रता भएयताकै सबैभन्दा चरम आर्थिक संकटको सामना गरिरहेको छ ।

टाट पल्टिने अवस्था नजिकै पुगेको श्रीलंकाले बाह्य ऋण भुक्तानी निलम्बन गरेको छ । श्रीलंकाले यस वर्ष ७ अर्ब डलर र सन् २०२६ सम्ममा २५ अर्ब डलर विदेशी ऋण तिर्नुपर्नेछ । श्रीलंकाको विदेशी सञ्चिति एक अर्ब डलर भन्दा कम छ ।

विदेशी मुद्रा अभावले आयात नराम्रोसँग प्रभावित भएको छ । जसले गर्दा त्यहाँका मानिसहरू खाद्यान्न, इन्धन, खाना पकाउने ग्यास र औषधि जस्ता अत्यावश्यक वस्तुहरू किन्न लामो लाइनमा बस्न बाध्य भएका छन् ।

**बनगाड कुपिन्डे नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**देवस्थल, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सुचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९।०१।१८**

यस न.पा. बाट मिति : २०७८/१०/२८ को ई-विडिङ सुचना वमोजिम वडा न. १ स्थित **Construction of 15 Beds Hospital in Bangad Kupinde Municipality** कार्यका लागि विद्युतिय बोलपत्र प्रणाली मार्फत दाखिला भएको प्राविधिक मुल्यांकनमा सफल बोलपत्रदाताको आर्थिक प्रस्ताव मिति : २०७९/०१/२५ गतेका दिन दिनको १:०० बजे खोलिने व्यहोरा सम्बन्धितको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| बोलपत्र न. | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल फम/सस्था |
|---|---|---|
| BAKUNAPA/NCB/WORKS-07-2078/79 | Construction of 15 Beds Hospital in Bangad Kupinde Municipality | 1. Associate/ Jaya Bhawani /Ranjitkar JV<br>2. Mountain Infra Company Ltd.<br>3. Royal Constructions<br>4. Millenium /Kalpabrikshya /Shiba Nirmal JV<br>5. Khadka Nirman Sewa<br>6. Prakritik/P.S JV<br>7. Grand Design and Construction.<br>8. TDR / Singh JV |

**प्रमुख प्रशासकीय अधिकृत**

**कतारमा रोजगार** | कम्पनी: **Turki Bin Thabit Trad. & Cont. Co. W.L.L.** शहर: **Doha**

पुर्व स्वीकृत मितिः २०७८/११/२७ चलानी नं.: ६०१७५८०० L.T. No.: 259393 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 15 | 0 | स. काममा दक्ष | 2000 | ६६,८८० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 7 | 0 | | 1100 | ३६,७८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख २४ गते (7 May 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**GLOBAL OVERSEAS SERVICES PVT. LTD.**
Dhapasi - 9, Basundhara , Kathmandu, Phone No: 4350437, 4358129
Email: Info.gos96@gmail.com | Info@globaloverseas.co
Govt. Lic No. 079/052/053

**UAE मा रोजगार** | कम्पनी: **FLEX FACILITY MANAGEMENT LLC** शहर: **DUBAI**

पूर्व स्वीकृत मितिः २०७८/०७/२८ चलानी नं.: ६०१६७४७५ LT. No.: 250260 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/cleaning Worker/ Ordinary Labourer | 41 | 0 | स. काममा दक्ष | 800 | २६,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ बैशाख २५ गते (8 May 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Reva Overseas Pvt. Ltd.**
Koteshwor-35, Tinkune, Kathmandu, Phone : 4591430
Mob.: 9851238207 , 9851119680
E-mail : info@revaoverseas.com.np, Web.: www.revaoverseas.com.np
Govt Lic. NO. 1070/073/074

**Baharain मा रोजगार** | १. कम्पनी: **NAJLA BEAUTY CENTER** शहर: **MANAMA**

पूर्व स्वीकृत मितिः २०७९/०१/१५ चलानी नं.: ६०१७८७२५ LT. No.: 262381

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 2 | स. काममा दक्ष | 150 | ४८,५७१ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hairdresser | 0 | 2 | | 150 | ४८,५७१ | | | | | | | |

२. कम्पनी: **SALMA BEAUTY SALON** शहर: **MANAMA**

पूर्व स्वीकृत मितिः २०७९/०१/१३ चलानी नं.: ६०१७८६३१ LT. No.: 262382

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 2 | स. काममा दक्ष | 150 | ४८,५७१ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hairdresser | 0 | 2 | | 150 | ४८,५७१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख २५ गते (8 May 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**टाईगर ओभरसिज इम्प्लोइमेन्ट प्रा. लि.**
धुम्बाराही-४, प्रकाश मार्ग, काठमाडौं, फोन: ४५१८९९७ । फ्याक्स: ४५४३१४४ ।
Email: info@tigeroverse.com.np | Web: www.tigeroverse.com.np
Govt. Lic. No. 335/059/060

# बक्स अफिस समाचार

झण्डै तीन वर्ष कोभिडले थला परेको सिनेमा क्षेत्र अहिले पुनः क्रमिकरुपमा चहलपहल बढेसँगै प्राविधिकरुपमा काम गर्नेहरुले पनि राम्रो आम्दानी गरिरहेका छन् । पर्दा पछाडि अथवा सम्पादनको काम गर्दा पनि आर्थिकरुपमा सक्षम हुने अवस्था आएको छ । यतिबेला ठूलो पर्दाका चलचित्र कम बनेका भएपनि म्युजिक भिडियो, सर्ट मुभी, सिरियल, टेलिचलचित्र, हास्य सिरियल तथा अन्य दृश्य सामग्रीमा राम्रा फिल्म सम्पादकहरू व्यस्त नै रहेका हुन्छन् । चरिकोटका स्थानीय बासिन्दा दृश्य सम्पादक दिन्सन शाह पनि आफ्नो काममा व्यस्त हुने गर्छन् । उनले पिरती बस्यो, तीन पाते, फोटो फिरिममा, एकै नजरमा जस्ता दर्जनौं हिट गीतको भिडियो सम्पादन गरिसकेका छन् । छोटै समयमा आफ्नो विधामा स्थापित बन्न सफल दृश्य सम्पादक दिन्सन शाह हालै 'राष्ट्रिय दृश्य सम्पादन योगदान सम्मान २०७८' र 'मिलाप राष्ट्रिय ब्यक्तित्व सम्मान २०७९' बाट सम्मानित भएका छन् । नेपाली कला क्षेत्रमा कला सम्पादकको रुपमा परिचित शाह आफ्ना कार्यमार्फत ख्याती कमाउन सफल भएकै कारण यो क्षेत्रमा पुऱ्याएको योगदान स्वरुप विभिन्न मान सम्मान, पुरस्कार र अवार्ड प्राप्त गरेका छन् । चलचित्र, सिरियल र म्युजिक भिडियोमा उनले आफ्नो उत्कृष्टता प्रदर्शन गर्दै आइरहेका छन् । आफ्नो क्रियशनमार्फत तारिफ बटुल्न सफल शाह निर्देशकहरुको रोजाईमा पहिलो नम्बरमा पर्छन् । आफ्नो हरेक काममा विशिष्टता प्रस्तुत गर्ने कोसिसमा रहेको बताउने दिन्सनले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :

## 'काम कुनै पनि सजिलो हुँदैन, तर सजिलो बनाउन सकिन्छ'

**दिन्सन शाह**, भिडियो सम्पादक




**पछिल्लो समय केमा व्यस्त हुनुहुन्छ ?**
पछिल्लो समय भिडियोहरुको सम्पादनमा नै व्यस्त हुने गरेको छु ।

**कला क्षेत्रमा यहाँको प्रवेश कसरी भयो ?**
पहिले म अरुकै स्टुडियोमा सम्पादन गर्थे । सम्पादनमा आफैं सक्षम भएपछि अहिले म आफ्नै स्टुडियो खोलेर आफ्नैमा काम गरिरहेको छु । साथीहरुको सहयोगले कला क्षेत्रमा संलग्न भएको हुँ ।

**अहिलेसम्म के कति काम गर्नुभयो ?**
अहिलेसम्म करिब पाँच सय भन्दा बढी म्युजिक भिडियो र केही फिल्मको सम्पादन गरिसकेको छु ।

**तपाईंलाई कला क्षेत्रमा आउनका लागि केले प्रेरित गऱ्यो ?**
म सानैदेखि फिल्म क्षेत्रप्रति साह्रै रुची रख्ने, अनि कलेज पढ्ने क्रममा सम्पादन सिक्ने इच्छा जाग्यो र मलाई यस क्षेत्रमा लगाव हुन थाल्यो । पर्दा अगाडि नभएपनि पर्दा पछाडि नै बसेर भएपनि यो क्षेत्रमा केही गर्नुपर्छ भन्ने लागेपछि म यो क्षेत्रमा लागेको हुँ ।



**कत्तिको सजिलो छ यो क्षेत्रमा ?**
काम कुनै पनि सजिलो हुँदैन । तर त्यसलाई गर्ने तरिका चाहिँ सजिलो बनाउन सकिन्छ । सजिलो तरिकले गर्न जान्यो भने कुनै पनि काम गाह्रो हुन्छ जस्तो लाग्दैन ।

**आफुले गरेको काम दर्शकमाझ पुगेपछि कस्तो प्रतिक्रिया पाउनु हुन्छ ?**
आफ्नो काम दर्शकहरुमा पुगेपछि उहाँहरुले मन पराएर जुन प्रतिक्रिया दिनुहुन्छ, त्यो देख्दा र सुन्दा अति नै खुसी लाग्छ । धेरैले पर्सनल पनि मेसेज गरेर कामको प्रसंशा गरेका छन् । जसले गर्दा अझ राम्रो काम गर्ने हौसला मिल्छ ।

**यो काममा कतिको च्यालेन्ज हुन्छ ?**
कुनैपनि काममा प्रतिस्पर्धा हुनु, च्यालेन्ज हुनु स्वभाविक हो । काम गर्दा प्रतिस्पर्धा भएन भने त काम गरेको मज्जा नै आउँदैन । जे होस् आफ्नो कामबाट म एकदमै सन्तुष्ट छु । यो क्षेत्रले र यो कामले गर्दा ममात्र होइन मेरो परिवार पनि खुसी छन् ।

**प्रतिस्पर्धाको समय छ, आर्थिकरुपले यो क्षेत्रलाई कसरी हेर्नु हुन्छ ?**
प्रतिस्पर्स्धा सबै क्षेत्रमा हुन्छ र प्रतिस्पर्धा भएन भने काम गर्न पनि मज्जा आउदैन । कुरा रह्यो आर्थिकको त्यसमा पनि एकदमै सन्तुष्ट छु ।

**एउटा श्रव्य, दृश्य सामग्री सम्पादनमा सम्पादकको कस्तो भूमिका हुनुपर्छ ?**
श्रव्य, दृश्य सम्पादकको भूमिका धेरै नै गहन हुन्छ । सबैको गल्तीहरु सच्याएर निर्देशकको कामलाई एउटा मुर्तरुप दिने काम सम्पादनले गर्छ ।

**दृश्यलाई काट्ने र जोड्ने काम मात्रै हो सम्पादन ?**
सबैले काट्ने र जोड्ने कामलाई मात्र सम्पादन सोचेको हुन्छ । काट्ने र जोड्नेमात्र नभई समान्य मान्छेले सोचेको भन्दा केही फरक तरिकाले अनि रचनात्मक तरिकाले र खिचेर ल्याएको दृश्यलाई सिलसिलावद्ध ढंगले फ्रेममा उतार्ने काम हो सम्पादन ।

**यस क्षेत्रमा आउन चाहनेहरुलाई के सल्लाह दिनु हुन्छ ?**
यो संवेदनशील काम हो । जो कोही भिडियो सम्पादनको क्षेत्रमा काम गर्ने रुची राख्नु हुन्छ भने सबै भन्दा पहिले यस विषयमा दक्षता हासिल गरेरमात्र आउनु होला । गर्न सक्नेलाई यो क्षेत्र एक्दमै राम्रो छ, नाम र पारिश्रमिक दुबैको हिसवले । सोचेर बुझेर आफ्नो पढाई सकाएर आउँदा अझ धेरै राम्रो हुन्छ ।

## 'चिठ्ठी'को छायांकन सकियो



**काठमाडौं/मस–** माधवराज खरेल निर्देशित फिल्म 'चिठ्ठी'को सम्पूर्ण छायांकन सकिएको छ । गत वर्ष छायांकन भइरहेको समयमा नायक सञ्जित भण्डारी घाइते भएपछि फिल्मको छायांकन रोकिएको थियो । नायक भण्डारी पूर्ण रुपमा निको भएपछि वैशाख पहिलो साताबाट फिल्मको बाँकी छायांकन शुरु गरिएको थियो । बुधवारबाट फिल्मको सुटिङ प्याकअप भएको निर्देशक खरेलले जानकारी दिए ।

एरा प्रोडक्सन प्रा.लिको ब्यानरमा निर्माण भएको फिल्ममा सञ्जित भण्डारीका साथै खड्ग बहादुर पुनमगर (खवपु), गोपाल ढकाल (छन्दे), नबुजंग थापा, मुस्कान लामा, प्रवन भुषाल, कन्चन चालिसे, शान्तिप्रिय, श्रीदेव भट्टराई, नम्रता खरेल पौडेल, मोहन निरौला, रश्मि भट्ट, उद्धव भट्टराई, कृष्ण भट्टराई, डेविल सिंह राजपुत, राजन थापा, पुरुषोत्तम सानु, मुना निरौलालगायतको अभिनय छ ।

जीवन पराजुलीको छायांकन रहेको फिल्मलाई काठमाडौं, काभ्रे, ललितपुर लगायतका जिल्लामा खिचिएको हो । निर्देशक खरेलले 'चिठ्ठी'मा उठाइएको विषयवस्तु दर्शकलाई फरक लाग्ने दाबी गरेका छन् । कमेडी जनरामा निर्माण भएको फिल्ममा सस्पेन्स र थ्रिलर पनि मिश्रण गरिएको उनको भनाई छ । सुटिङ प्याकअप भए लगत्तै फिल्मको पोस्ट प्रोडक्सनको काम सुरु गरिएको छ ।

फिल्ममा सरोज कोइराला, जुगल डंगोल र राजेन्द्र बजगाइँको संगीत, डा. कृष्णहरि बराल, कमला जोशी र शान्तिप्रियको शब्द, शिव परियार, केञ्जुमा सुब्बा, कृष्ण भट्टराई र बधसन्त अर्यालको स्वर रहेको छ । निर्देशक खरेलको लेखन रहेको फिल्ममा कमला जोशीको लगानी छ । पोस्ट प्रोडक्सनको सम्पूर्ण काम सकेर २०२२ भित्रै फिल्मलाई हलमा प्रदर्शन गर्ने योजनामा निर्माण टिम छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०१/१८**

**भर्सटायल कार्गो एण्ड कुरियर प्रा.लि.** को मिति २०७८/१२/२९ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ग्रिन वे लजिष्टिक्स (प्रा. लि. नं.: १९५०११)**, कायम गर्ने गरी मिति २०७९/०१/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## 'मायाको नाटक'मा गरिमा र विक्रम

**काठमाडौं/मस–** गायक प्रमोद खरेलको स्वर रहेको मायाको नाटक बोलको गीतको भिडियो सार्वजनिक गरिएको छ । दिनेश राज पुरीको शब्द सृजना रहेको गीतमा नविन कार्कीको संगीत छ । विशाल निरौलाको एरेन्ज र मिक्सिङ रहेको गीतको त्रिकोणत्मक प्रेम कथामा आधारित भिडियोमा गरिमा शर्मा, विक्रम बुढाथोकी र संगम मल्ल ठकुरीको अभिनय देख्न सकिन्छ । प्रेमीकाले धोका दिएर प्रेमीलाई घाइते बनाएको कथालाई निर्देशक बिक्रम चौहानले कलात्मक तरिकाले भिडियोमा देखाएका छन् ।

## ज्याक्लिनको ७ करोड बढीको सम्पत्ति जफत



**काठमाडौं/एजेन्सी–** भारतको आयकर विभागले बलिउड सुपरस्टार ज्याक्लिन फर्नान्डिसको ७ करोड २३ लाख बराबरको सम्पत्ति जफत गरिदिएको छ । भारतीय सञ्चार माध्यमका अनुसार उक्त सम्पत्ति उनका भूपू प्रेमी सुकेश चन्द्रशेखरले उपहार स्वरूप दिएका थिए । चन्द्रशेखर हाल ठगी आरोपमा जेलमा छन् ।

सुकेशमाथि रानब्याक्सीका पूर्व प्रमोटर शिवेन्द्र सिंह र मालविन्दर सिंहका श्रीमतीहरूलाई जेलबाट छुटाउने बहानामा २०० करोडभन्दा बढी ठगी गरेको आरोप छ । उनलाई गत डिसेम्बरमा देश छोडेर भाग्ने क्रममा पक्राउ गरिएको थियो भने उनको बङ्गलाबाट ८२.५ लाख रुपैयाँ, २ किलो सुन र १२ वटाभन्दा बढी लक्जरी कारहरू समेत बरामद गरिएको थियो ।

भारतीय आयकर विभागले ज्याक्लिन र चन्द्र शेखर बिच घनिष्ठ सम्बन्ध रहेको बताएको छ भने अनुसन्धानको क्रममा चन्द्र शेखरले ज्याक्लिन माथि १० करोड रुपैयाँ बराबरको खर्च गरेको देखिएको छ ।

चन्द्र शेखरले ज्याक्लिनलाई हिराका गहनाहरू, ५५ लाखको घोडा, ९ लाखका ४ वटा पर्सियन बिराला लगायतका कुराहरू उपहार दिएको बताइएको छ । यस बाहेक पनि चन्द्र शेखरले धेरै पटक ज्याक्लिनका लागि फ्लाइट नै चार्टर गरिदिने गरेको पनि बताइन्छ ।

# जिम्बावेसँगको खेल तालिका परिवर्तन

## टी-२० टोली घोषणा



**काठमाडौं/मस-** नेपाल क्रिकेट संघ (क्यान) ले नेपाल र जिम्बावे ए बीचको दुई क्रिकेट सिरिज (५० ओभर र टी-ट्वान्टी) को खेल तालिकामा परिवर्तन गरेको छ। क्यानले यस अघि सार्वजनिक गरेको तालिकामा नेपाल र जिम्बावे ए बीचको ५० ओभरको तीन खेलको सिरिज शनिबारबाट शुरु हुने तालिका रहेका थियो । तर वर्षाका कारण शनिबारको पहिलो ५० ओभरको खेल हुन सकेन ।

तर क्यानले सार्वजनिक गरेको तालिका अनुसार अब टी-ट्वान्टी सिरिज पहिले हुने भएको छ । टी-ट्वान्टीको पहिलो खेल आइतबार हुने भएको छ। दोस्रो खेल सोमबार तथा तेस्रो खेल बुधबार हुने क्यानले जनाएको छ। यता ५० ओभरको सिरिजको पहिलो खेल मे ६, दोस्रो खेल मे ७ र तेस्रो खेल मे ९ तारिखमा हुने भएको छ।

यसअघि शनिबार त्रिवि क्रिकेट मैदानमा लगातार वर्षा जारी रहेपछि म्याच अफिसियलले शनिबारको खेल रद्द गरेका थिए। नेपाल क्रिकेट संघले एक सूचना जारी गर्दै खेल रद्द भएको तथा उक्त खेलको तालिका पुनः सार्वजनिक गर्ने जनाएको थियो ।

यसैबीच क्यानले जिम्बावे ए सँग खेल्ने तीन टि-२० सिरिज खेलको लागि १७ सदस्य टोली घोषणा गरेको छ । क्यानले शनिबार सन्दीपको कप्तानीमा घरेलु मैदान टियुमा आइतबार देखि सुरु हुने टि२० सिरिजको लागि टोली घोषणा गरेको हो। नेपालले टि-२० टोलीमा युवा खेलाडीलाई मौका दिएको छ। पछिल्लो समय घरेलु क्रिकेटमा राम्रो प्रभाव छाडेका बायाँ हाते स्पिन अलराउन्डर बसिर अहमद टोलीमा छन् ।

नेपालले एकदिवसिय सिरिजको लागि भने यसअघि नै १६ सदस्य टोली घोषणा गरेको थियो। तर वर्षाको कारण एकदिवसिय सिरिज अब टि-२० पछि हुनेछ । त्यस्तै किशोर महतोलाई पनि नेपालले टि-२० टोलीमा राखेको छ । नेपालले विकेटकिपरको रुपमा आसिफ शेखलाई मात्र मौका दिएको छ।

नेपालको टि-२० टोलीमा सन्दीप लामिछाने (कप्तान), आसिफ शेख (विकेटकिपर), रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी, आरिफ शेख, आदिल अन्सारी, करण केसी, सोमपाल कामी, कुशल भुर्तेल, अभिनाश बोहरा, सागर ढकाल, साहब आलम, किशोर महतो, विवेक यादव, बसिर अहमद, लोकेश बम र भीम सार्की रहेका छन् ।

### गणेशमान सिंह रोड रेस

# गोपीचन्द्र र राजपुरालाई उपाधि



**काठमाडौं/मस-** सशस्त्र प्रहरी बल (एपीएफ)का गोपीचन्द्र पार्की र नेपाल पुलिस क्लबकी राजपुरा पछाईले शनिबार वीर गणेशमानसिंह १० किलोमिटर रोड रेसको उपाधि जितेका छन्। वीर गणेशमानसिंह फाउन्डेसन स्पोर्ट्स कमिटीले आयोजना गरेको प्रतियोगितामा गोपीचन्द्रले दश किलोमिटर रोड रेसमा पुरुषतर्फको उपाधि जितेका हुन् । गोपीचन्द्रले निर्धारित दुरी ३१ मिनेट ११.४ सकेन्डमा पार गरेका थिए। गोपीचन्द्रले यसअघि आफैंले बनाएको कीर्तिमान तोडेका हुन्। गोपीचन्द्रको नाममा ३१ मिनेट ४४.४९ सेकेन्डको कीर्तिमान थियो।

त्रिभुवन आर्मी क्लबका दीपक अधिकारी दोस्रो भए । उनले ३१ मिनेट १५.२ सेकेन्डमा दुरी पार गरेका हुन् । ३१ मिनेट २०.४ सेकेन्डमा निर्धारित दुरी पार गरेका त्रिभुवन आर्मीकै राजन रोकाया तेस्रो भए।

महिलतर्फ कीर्तिमानसहित पहिलो स्थान हासिल गर्न सफल राजपुराले निर्धारित दूरी ३७ मिनेट १०.५ सेकेन्डमा पूरा गरिन् । महिलातर्फ यसअघि सन्तोषी श्रेष्ठको नाममा रहेको ३७ मिनेट ५३.४५ सेकन्डको कीर्तमान थियो। एपीएफकी पुष्पा भण्डारी दोस्रो भइन् । उनले ३८ मिनेट ०४.३ सेकेन्डमा दुरी पूरा गरेकी हुन्। एपीएफकै विन्द्रा श्रेष्ठले ४० मिनेट २८.९५ सेकेन्डमा निर्धारित दूरी पार गर्दै तेस्रो स्थान हासिल गरिन्।

१० किलोमिटरतर्फका विजेताले नगद ६० हजार, दोस्रोले ३० हजार र तेस्रो हुनेले १५ हजार रुपैयाँ प्राप्त गरे । नयाँ कीर्तिमान बनाएका गोपी र राजपुरालाई जनही थप १० हजार रुपैयाँ प्राप्त गरे। चौथो हुनेले १० हजार र पाँचौं हुनेले पाँच हजार रुपैयाँ पुरस्कार जिते । अनिस थापामगर चौथो र त्रिभुवन आर्मीका गजेन्द्र राई पाँचौं भए।

दौड दरबारमार्गस्थित शेर्पा मलबाट सुरु भएर रत्नपार्क, भद्रकाली, सहिदगेट, वीर अस्पताल, भोटाहिटी, जमल, नारायणहिटी दरबारको दक्षिण गेट, केशरमहल, लैनचौर, लाजिम्पाट, महाराजगन्ज, शिवपुरी स्कुल, बालुवाटार, भाटभटेनी, टंगाल, बालमन्दिर, नेपाल प्रहरी हेडक्वार्टरको दक्षिण गेट, गैरीधारा, नारायणहिटी दरबार उत्तरपूर्व मोड, नागपोखरी, जयनेपाल सिनेमा घर हुँदै पुनः शेर्पा मल आएर समापन भएको थियो।

त्यस्तै, पाँच किलोमिटरतर्फ त्रिभुवन आर्मीका मुकेश पाल र एपीएफकी फुलमती रानाले उपाधि जिते। पुरुषतर्फ मुकेशले निर्धारित दुरी १४ मिनेट ३३.८८ सेकेन्डमा पूरा गरेका थिए । सन्तोषविक्रम विष्टले दोस्रो स्थान हासिल गरे । उनले १४ मिनेट ५९.८६ सेकेन्डमा दुरी पार गरेका थिए । त्रिभुवन आर्मीका सुवाष कार्की १५ मिनेट १४.०२ सेकेन्डमा पूरा गरेर तेस्रो भए।

पाँच किलोमितर महिलातर्फकी विजेता फुलमतीले १७ मिनेट ४२.३१ सेकेन्डमा निर्धारित दूरी पूरा गरिन्। त्यस्तै, दोस्रो स्थान हासिल गरेकी त्रिभुवन आर्मीकी निर्मला केसीले १८ मिनेट १५.३४ सेकेन्डमा दुरी पार गरेकी थिइन् । त्रिभुवन आर्मीकै पूर्णलक्ष्मी न्यौपानेले १८ मिनेट २३.९४ सेकेन्डमा निर्धारित दूरी पार गर्दै तेस्रो भइन्।

पाँच किलोमिटरतर्फ विजेताले १५ हजार, दोस्रोले १० हजार र तेस्रो हुनेले ७ सात हजार रुपैयाँ प्राप्त गरे। चौथो हुनेले पाँच हजार र पाँचौं हुनेले तीन हजार रुपैयाँ नगद पुरस्कार जिते। प्रतियोगितामा छैटौंदेखि दशौं स्थान हासिल गर्नेले गिफ्ट ह्याम्पर प्राप्त गरे।

यस संस्करणबाट थप गरिएको विधा पाँच किलोमिटर दौड पनि दरबारमार्गस्थित शेर्पा मलबाट शुरु भई रत्नपार्क, भद्रकाली, सहिदगेट, त्रिपुरेश्वर, सुन्धारा, वीर अस्पताल, भोटाहिटी, जमल, नारायणहिटी दरबार दक्षिण गेट हुँदै पुनः शेर्पा मलमा पुगेर सम्पन्न भएको थियो।

# प्रदीप र सलोनीलाई उपाधि



**काठमाडौं/मस-** प्रदीप खड्का र सलोनी तामाङले आठौं सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिताको सिंगल्स उपाधि शनिबार जितेका छन्। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा भएको पुरुष फाइनलमा प्रदीपले प्रणव खनाललाई ६-२ र ६-३ को सोझो सेटमा पराजित गरे।

सिटिजन्स बैंकको मुख्य प्रायोजनमा भएको प्रतियोगिताको महिला फाइनलमा सलोनीले अभिलाषा विष्टलाई ६-०, २-६ र ६-० को सेटमा हराइन् । समग्र करियरमा प्रदीपको चौथो र सलोनीको पाँचौं सिंगल्स उपाधि हो। प्रदीप र सलोनीको जोडीले मिक्स डबल्स पनि विजेता बनेका थिए। सो स्पर्धामा पनि प्रणव र अभिलाषा उपविजेतामै सीमित भएका थिए। पुरुष/महिला सिंगल्सका विजेताले ५० हजार, उपविजेताले २५ हजार र तेश्रोले १०/१० हजार नगद पुरस्कार हात पारे।

काठमाडौं जिल्ला टेनिस संघद्वारा आयोजित प्रतियोगिताको भेट्रान ३५ वर्षमाथि पुरुष सिंगल्समा पूर्व राष्ट्रिय च्याम्पियन जितेन्द्र परियारले कमल भण्डारीलाई ६-२ र ६-२ को सीधा सेटमा फाइनलमा पाखा लगाउदै पहिलो स्थान हात पारे। ३५ वर्षमाथि पुरुष डबल्समा दावा शेर्पा र जितेन्द्र परियारको जोडी शीर्ष स्थानमा रहे । उक्त जोडीले फाइनलमा कमल भण्डारी र सुमित मैनालीको जोडीलाई ६-२ र ६-४ ले पन्छाए । ४५ वर्षमाथि पुरुष डबल्समा महेश श्रेष्ठ र कृष्णराज घलेको जोडी विजेता बने । विजेता जोडीले फाइनलमा यज्ञबहादुर भण्डारी र रोहित सुनुवारको जोडीलाई ४-६, ६-४ र १०-७ ले निराश पारे।

भेट्रान ६५ वर्षमाथि पुरुष सिंगल्समा कमल थापाले बाजी मारे । दीपकमान श्रेष्ठ विरुद्धको फाइनलमा थापाले पहिलो सेट ४-० ले आफ्नो पक्षमा पारे । दोश्रो सेटमा थापा ३-० ले अघि रहेको अवस्थामा श्रेष्ठ 'रिटायर्ड हर्ट' भएपछि थापा विजेता भए । ५५ वर्षमाथि पुरुष सिंगल्समा विमल गुरुङले फाइनलमा निरञ्जनकुमार श्रेष्ठमाथि ६-२ र ६-० को सहज जित रचे।

विजेतालाई राखेपका सदस्य-सचिव टंकलाल घिसिङ, सिटिजन्स बैंकका अध्यक्ष राजनसिंह भण्डारी, आयोजक संघका अध्यक्ष समेत रहेका नेपाल टेनिस संघका महासचिव मनोहरदास मुललगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । सदस्य-सचिव घिसिङले खेल क्षेत्रको विकासमा निजी क्षेत्रको पनि महत्वपूर्ण योगदान रहेको बताउदै टेनिस प्रतियोगितालाई मुख्य प्रायोजन गरेकोमा सिटिजन्स बैंकप्रति आभार प्रकट गरे।

वैशाख ११ गतेदेखि शुरु प्रतियोगितामा १ सय ७८ खेलाडीले विभिन्न १० स्पर्धामा प्रतिस्पर्धा गरेका थिए । दसै स्पर्धामा नगद पुरस्कार राखिएको थियो । कुल नगद पुरस्कार ५ लाख १७ हजार ५ सय रहेको थियो । खेल राखेपको कोर्टसहित आर्मी अफिसर्स क्लब, भद्रकालीको कोर्टमा पनि भएको थियो।

# भारोत्तोलन र कुस्ती खेलाडीको प्रारम्भिक छनोट



**काठमाडौं/मस-** एसियाली खेलकुदका लागि भारोत्तोलनबाट समान ८ पुरुष/महिला गरी १६ खेलाडीको प्रारम्भिक छनोट सम्पन्न भएको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् हातामा भएको छनोट प्रतियोगिताबाट पुरुष ६१ केजीमा नेपाल आर्मीका तुलाराम महतो, ६७ केजीमा नेपाल प्रहरीका प्रकाश केसी, ७३ केजीमा आर्मीका राजु चौधरी र कञ्चनपुरका अशोकसिंह भण्डारी, ८१ केजीमा कञ्चनपुरका विकास भट्ट, ९६ केजीमा प्रहरीका विशालसिंह विष्ट, १०९ केजीमुनि कञ्चनपुरका सुभाष उपाध्याय तथा १०९ केजीमाथि प्रहरीका सागर भण्डारी छनोट भए।

नेपाल भारोत्तोलन संघद्वारा आयोजित प्रतियोगिताको महिला ४९ केजीमा प्रहरीकी संगिता राई र आर्मीकी मनीषा रानाभाट, ५५ केजीमा बाँकेकी सन्जु चौधरी, ६४ केजीमा आर्मीकी कमला श्रेष्ठ र आर्मीकै शारदा चौधरी, ७६ केजीमा प्रहरीकी जुनुमाया छन्त्याल, ८७ केजीमुनि प्रहरीकी तारादेवी पुन तथा ८७ केजीमाथि प्रहरीकी विद्या राई छानिए।

प्रतियोगितामा क्लिन एन्ड जर्क, स्न्याच र कुलमा गरी पुरुष/महिलामा ७-७ गरी १४ नयाँ राष्ट्रिय कीर्तिमान बने । पुरुषमा विकास भट्टले १, विशालसिंह विष्टले २, सुभाष उपाध्यायले ३ र सागर भण्डारीले १ कीर्तिमान बनाए । महिलामा सन्जु चौधरीले १ तथा तारादेवी पुन र विद्या राईले समान ३ राष्ट्रिय कीर्तिमान रचे।

त्यस्तै कुस्तीमा ७ पुरुष र ८ महिला गरी १५ खेलाडी पहिलो चरणलाई छनोट भएको छनोट समितिका संयोजक समेत रहेका कुस्तीका पूर्व मुख्य प्रशिक्षक खगेन्द्रबहादुर बस्नेतले जनाएका छन्। सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा भएको छनोट प्रतियोगिताको पुरुष ८६ केजीमा आर्मीका आदित्यराज यादव, प्रहरीका दीपेश राउत कंकर र आर्मीका वीरेन्द्रसिंह साउद तथा ७४ केजीमा आर्मीका सुरेश चुनारा, प्रहरीका गंगाराम चमार, बाँकेका फजिल राउत अहिर र प्रहरीका धर्मेन्द्रप्रसाद यादव सफल भए।

# गुजरात उत्कृष्ट लयमा

**काठमाडौं/एजेन्सी-** नवप्रवेशी टोली गुजरात टाइटन्सले इन्डियन प्रिमियर लिग (आईपीएल) टी-ट्वान्टी क्रिकेटमा आठौं जित निकालेको छ । मुम्बईमा शनिबार भएको खेलमा रोयल च्यालेन्जर्स बैंगलोरलाई ६ विकेटले हराउँदै गुजरातले आठौं जित निकालेको हो।

बैंगलोरले दिएको १ सय ७१ रनको लक्ष्य गुजरातले १९ ओभर ३ बलमा ४ विकेट गुमाएर पूरा गर्‍यो। गुजरातको जितमा राहुल टेवाटियाले अविजित रहदै ४३ रन जोडे। डेभिड मिलर ३९ रनमा अविजित रहे। सुबमन गिलले ३१, रिद्दिमान शाहले २९ र साई सुदर्शनले २० रन बनाए। बैंगलोरका शाहबाह अहमेद र वानिन्दु डी सिल्भाले २/२ विकेट लिए ।यस अघि पहिले ब्याटिङ गरेको बैंगलोरले २० ओभरमा ६ विकेट गुमाएर १ सय ७० रन जोडेको थियो। बैंगलोरका लागि विराट कोहलीले ५८ रनको अर्धशतकीय इनिङ खेल्दा रजत पाटीदारले ५२ रनको अर्धशतकीय इनिङ खेले। ग्लेन म्याक्सवेलले ३३ रन जोडे। गुजरातका प्रदिप सङवानले २ विकेट लिए।

यस जितसँगै शीर्ष स्थानको गुजरातले ९ खेलमा १६ अंक जोडेको छ। बैंगलोर १० खेलमा १० अंक जोडेर पाँचौं स्थानमा रहेको छ।



# चेन्नईको कप्तानमा पुनः धोनी

**काठमाडौं/एजेन्सी-** महेन्द्रसिंह धोनी चेन्नई सुपरकिंग्सको कप्तानमा फिर्ता भएका छन्। सिजनको शुरूवातमा रवीन्द्र जडेजाले टिमको कप्तानको जिम्मेवारी पाएका थिए। तर सिजनको ८ खेल खेलेपछि जडेजाले धोनीलाई नै कप्तानी फिर्ता गरेका हुन्। उनले आफू खेलमा केन्द्रित हुने भन्दै कप्तानी धोनीलाई फिर्ता गरेका हुन्।

४० वर्षीय धोनीले सन् २००८ देखि आइपिएल सुरु भएदेखि नै चेन्नईको कप्तानी गरेका थिए। सिजन २०२२ देखि भने आफूले कप्तानी छाड्दै जडेजालाई दिने निर्णय धोनीले गरेका थिए।

साविक विजेता चेन्नई जारी सिजमा पुछारबाट दोस्रो स्थान अर्थात् नवौं स्थानमा छ। उसले ८ खेलमा २ खेलमा मात्र जित हात पारेको छ। चेन्नईले जारी गरेको विज्ञप्तीमा जडेजाले फेरि कप्तान गर्न गरेको आग्रहलाई धोनीले स्वीकार गरेका छन्।

धोनीको कप्तानीमा चेन्नईले सन् २०१०, २०११, २०१८ र २०२१ को उपाधि जितेको थियो। २००८, २०१२, २०१३, २०१५ र २०१९ मा उप विजेता बनेको थियो। धोनीले २ सय १३ खेलमा कप्तानी गर्दा १ सय ३० खेलमा जित दिलाएका छन्। धोनीको कप्तानीमा चेन्नई २०२० मा पहिलो पटक लिगबाट बाहिरिएको थियो।



KUWAIT मा रोजगार | कम्पनी: VALVE CAFE & RESTAURANT COMPANY
शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५३८२ L.T. No.: 258688 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 14 | 20 | सम्बन्धित काममा दक्ष | 100 | ३९,७८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Vehicle Driver | 74 | 0 | | 140 | ५५,७०५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख २५ देखि २७ गते (8 to 10 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ४४९/०६०/०६१

Quality International Overseas Consultancy Co. (P.) Ltd.
Kathmandu-9 sinamangal, Nepal | Tel:- +977-1-4385950, 6215668, Fax: +977-1-4385950
Email: skboverseas@hotmail.com | Mob.: 9841498866, 9840713619, 9840349145, 9851217349

आर्थिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
१८ वैशाख २०७९, आइतबार
1 May 2022, Sunday



वैशाख ३० गते स्थानीय तहको निर्वाचन हुँदैछ । स्थानीय तहको निर्वाचनको निमित्त उम्मेदवारी दर्ता र चुनाव चिन्ह प्रदान गर्ने कार्य निर्वाचन आयोगले सकिइसकेको छ । निर्वाचनमा उठेका उम्मेदवारहरुले आफ्नो विजयका निमित्त घोषणापत्र जारी गर्ने र प्रचार-प्रसार गर्ने प्रकृयालाई तिव्र बनाएका छन् । झण्डै साढे २ दशकदेखि कम्युनिष्ट राजनीतिमा सक्रिय रहँदै आएका नेकपा(एमाले) स्याङ्जाका अध्यक्ष **सुर्य प्रसाद गैरे 'पारस'**ले अबको ५ वर्षमा गल्याङ नगरपालिकालाई नमूना बनाउने भन्दै प्रतिवद्धतापत्र जारी गरेका छन् । प्रस्तुत छ, उनै गैरेसँग **मध्यान्ह राष्ट्रिय दैनिक**का सम्वाददाता **नारायण अर्याल**ले गरेको कुराकानीको सम्पादित अंश :

# सम्पूर्ण स्रोतसाधनको परिचालन गरेर नमूना पालिका बनाउँछौं

मैले गल्याङ नगरपालिकाको आगामी ५ वर्षको समृद्धिको स्पष्ट योजना अगाडि सारेको छु । जुन व्यवहारिक र अनिवार्य रहेको छ । म स्याङ्जाको परिवर्तनकारी राजनीतिमा लामो समयदेखि सक्रिय रहँदै आएको अनुभवी र वर्तमान राज्यव्यवस्थाको निर्माणमा महत्वपुर्ण योगदान पुऱ्याएको व्याक्ति हुँ ।

**पार्टीको जिल्ला तथा केन्द्र स्तरमा सक्रिय रहँदै आएतापनि गल्याङ पालिकाको मेयरको उम्मेदवार बन्न अचानक कसरी आइपुग्नुभयो ?**

म नेपालको कम्युनिष्ट एवं रुपान्तरणकारी आन्दोलनमा २ दशक भन्दा धेरै समयदेखि निरन्तर रुपमा सक्रिय रहँदै छु । हामीले आन्दोलनमार्फत नै मुलुकको राज्यसत्ताको पुरानो स्वरुपलाई रुपान्तरण गरेर जनमुखी एवं आधुनिक स्वरुपमा रुपान्तरण गर्न सफल भएका छौं । यद्यपी अझैपनि केही रुपान्तरणका प्रश्नहरु उठिरहेका छन् । व्यवस्थाको रुपान्तरण पश्चात अब हामीले मुलुकलाई समृद्धिको मार्गतर्फ तिव्रगतिमा अगाडि बढाउनुपर्दछ । हो मैले विगतमा तत्कालिन बाम गठबन्धनको तर्फबाट प्रदेश सभा सदस्यको लागि उम्मेद्वारी दिएको थिएँ । म भर्खरै सम्पन्न पार्टीको जिल्ला अधिवेशनमार्फत अध्यक्षमा निर्वाचित भएको थिएँ । स्थानीय तह वर्तमान व्यवस्था अनुरुप जनतासँग प्रत्यक्ष रुपमा जोडिएको कार्यकारी निकाय हो । स्थानीय तहको अवस्था अनुरुप कानुन, योजना र नीति निर्माण गरी कार्यान्वयन गर्न सकेमा अपेक्षित नतिजा प्राप्त गर्न सकिन्छ । म समाजको रुपान्तरण एवं समृद्धिकै लागि अहोरात्र खटिरहेको पार्टीको इमान्दार सिपाई भएको हिसाबले पार्टीले मेरो क्षमता र यस क्षेत्रको आवश्यकता अनुरुप भोलीको मेयरको जिम्मेवारी लिनेगरी टिकट प्रदान गरेको हो । त्यसैले अचानक रुपमा नभएर म सम्पुर्ण पार्टी संगठनको सिफारिसमा मेयरको उम्मेद्वार भएर आएको हुं ।

**मेयर उम्मेदवारको रुपमा अगाडि बढिरहँदा तपाईंले के कस्ता एजेण्डा अगाडि सार्नुभएको छ ?**

संविधानले सबै तहको अधिकार र जिम्मेवारीलाई स्पष्ट रुपमा व्यवस्था गरेको छ । सोही अनुरुप स्थानीय तहका निश्चित जिम्मेवारी र अधिकार छन् । शिक्षा र स्वास्थ्यको आधारभुत तहको व्यवस्थापन स्थानीय तहले गर्नुपर्ने हुन्छ । त्यस्तै कृषिको आधुकिकरण, वन तथा वातावरणको संरक्षण, पर्यटनको विकास, उद्योगको विकास, रोजगारीको सिर्जना, आदि लगायत धेरै महत्वपुर्ण कामहरुको जिम्मेवारी स्थानीय तहमा रहेको छ । हाम्रो विजयीपछि हरेक विषयगत क्षेत्रमा केन्द्रीय सरकार, प्रदेश सरकार, दातृ निकाय, आम जनता र निजी क्षेत्रसँग सहकार्य गरेर पालिकालाई मुलुककै नमूना बनाउने गरी ऐजेण्डा अगाडि सारेका छौं ।

**पालिकालाई नमूना बनाउने के कस्ता खास ऐजेण्डाहरु छन, सुनाउनुस न ?**

शैक्षिक क्षेत्रलाई व्यवहारिक र बैज्ञानिक बनाउनको लागि पुर्वाधारको व्यवस्थापन, प्राविधिक व्यवस्थापन, जनशक्तिको व्यवस्थापन तथा विकास, आदि काम गर्नेछौं । स्वास्थ्यको क्षेत्रलाई महत्वकासाथ लिएर सबै वडाका स्वास्थ्य चौकीलाई स्तरोन्नती गर्ने र पालिका अस्पताललाई सुविधासम्पन्न बनाउनेछौं । कृषि क्षेत्रलाई आधुनिकिकरण गर्दै व्यवसायिक उत्पादनमुलक एवं निर्यातमुखी बनाउन आवश्यक कार्यक्रम सञ्चालन गर्नेछौं । शुन्य फोहोरमा आधारित प्रविधिको प्रयोग गरेर फोहोरको व्यवस्थापन गर्नेछौं । जडिबुटीको व्यवसायिक खेतीको विकास, कृषिमा १५ प्रतिशतलाई पुर्ण रोजगारको व्यवस्था, पुर्ण प्रविधियुक्त सुशासित पालिका, आदि लगायतका नमूना कार्यक्रम अगाडि बढाउनेछौं । हामीले आगामी ५ वर्षमा व्यवहारिक रुपमा गर्न सकिने र पालिकाले गर्नेपर्ने विषयवस्तुहरुलाई समेटेर प्रतिवद्धतापत्र पनि सार्वजनिक गरेका छौं ।

चुनावमा धेरै उम्मेदवारहरुले समृद्धिको पक्षमा राजनीतिक ऐजेण्डा अगाडि बढाएका छन्, तर आर्थिक स्रोत व्यवस्थापनको विषयलाई उठाएको देखिदैन नि ।

समृद्धिका सबै एजेण्डाहरुलाई कार्यान्वयन गर्न अवश्य पनि आर्थिक, प्राविधिक, जनशक्ति, नेतृत्व र योजनाको अनिवार्य आवश्यकता पर्दछ । विश्व परिप्रेक्ष्यमा हेर्दा अहिले हामी विकासको प्रारम्भिक चरणमा मात्रै छौं । सो सन्दर्भमा प्राविधिक जनशक्ति र प्रविधि बाहेक हामीसँग प्राकृतिक स्रोत साधन र अदक्ष जनशक्ति प्रशस्त रहेको अवस्था छ ।

कतिपय विकास कार्यक्रम सँग सम्बन्धित कोणबाट हेर्दा हामीसँग दक्ष जनशक्तिको पनि अभाव रहेको छैन् । जस्तैः कृषि, साना उद्यम, भौतिक पुर्वाधारको विकास, सामाजिक सुरक्षा कार्यक्रम, विद्यालयको आधुनिकिकरण, आदि लगायतका कार्यहरुलाई अगाडि बढाउन हामीसँग भएको जनशक्तिलाई नै दक्ष बनाउन सकिन्छ । आर्थिक स्रोतको व्यवस्थापन गर्न पनि हामीलाई गाह्रो छैन् । केन्द्रीय सरकार र प्रदेश सरकारले नियमित रुपमा उपलब्ध गराउने ससर्त र निसर्त अनुदानको हिस्सालाई हामीले दिगो योजना निर्माण गरेर समृद्धिको योजनामा ढाल्नेछौं । दोस्रो, स्थानीय सरकारको वितेको ५ वर्षमा सहुलियत ऋणको क्षेत्र, विदेशी दातृ निकाय र विदेशी गैह्र सरकारी क्षेत्रसँग सहकार्यको अभ्यास हुन सकेन् । कानुन निर्माण, संस्थागत विकास, आदि लगायतको कामहरु गर्दा समय अभावको कारणले पनि हुनसक्छ । तर अबको दिनमा हामीले आर्थिक स्रोतका सबै क्षेत्रलाई परिचालन गर्ने प्रयत्न गर्नेछौं । तेस्रो, हामीले देखिरहेका छौं, आमजनतासँग आजको दिनमा प्रशस्त पैसा छ, तर लगानीको वातावरण छैन् । जसकारणले गर्दा उनिहरुले अनुत्पादक क्षेत्रमा लगानी गरिरहेको अवस्था छ । हामीले कृषि, उद्योग, वन, वातावरण, रोजगार, सामाजिक सुरक्षा, आदि सम्पूर्ण क्षेत्रमा आमजनतासँग सहकार्य र साझेदारी गरेर कार्यक्रमलाई अगाडि बढाउनेछौं । जसले गर्दा लगानी जुट्ने, रोजगारीको पैदा हुने र समृद्धि पनि हासिल हुने अवस्थाको सिर्जना हुन्छ । आमजनताको पैसालाई पालिकाले सुरक्षित लगानीको वातावरण जुटाइदिँदा उहाँहरुलाई आफ्नो पुँजीबापत थप आम्दानी हुने स्थिति पनि हुन्छ ।

**अहिलेको पालिकाको संस्थागत तथा संगठनात्मक संरचनाकै अवस्थाले तपाईंले अगाडि सार्नुभएको ऐजेण्डा कार्यान्वयन गर्न सम्भव छ ?**

मैले अगाडि पनि भनो हामी विकासको प्रारम्भिक चरणमा छौं । तर हामी विकास वा समृद्धिप्रति आंकाक्षी वा लालायित छौं । हामीले योजनागत वा नीतिगत रुपमा केहि सुधार र विद्यमान जनशक्तिलाई नै थप प्रशिक्षित गऱ्यौं भने सम्भव छ । मुख्य कुरा सहि उद्देश्यको निर्माण गर्नु र इमान्दारिता कायम गर्नु हो । यसो हुन सकेमा हामीले सजिलैसँग निर्धारित सहि उद्देश्य प्राप्त गर्न सक्छौं ।

**तपाईंले अगाडि सार्नुभएका ऐजेण्डा त सुन्नमा सुन्दर छन् । तपाईंले चुनाव जित्ने सम्भावनाको विषय कस्तो रहेको छ ?**

मैले गल्याङ नगरपालिकाको आगमी ५ वर्षको समृद्धिको स्पष्ट योजना अगाडि सारेको छु । जुन व्यवहारिक र अनिवार्य रहेको छ । म स्याङ्जाको परिवर्तनकारी राजनीतिमा लामो समयदेखि सक्रिय रहँदै आएको अनुभवी र वर्तमान राज्यव्यवस्थाको निर्माणमा महत्वपुर्ण योगदान पुऱ्याएको व्याक्ति हुँ । मैले यस पालिकाक्षेत्रको विकासका कार्यक्रमहरुमा प्रत्यक्ष र अप्रतक्ष्य रुपमा समेत सहभागिता जनाउँदै आएको छु । उमेरले युवा, अनुभव र क्षमतालाई ख्याल गरेर आदरणीय बुवाआमा, दाजुभाई तथा दिदीबहिनीहरुले मलाई बिजयी गराउनुहुनेछ भन्ने कुरामा म विश्वस्त रहेको छु ।

## देशभरको इन्टरनेट अवरुद्ध गर्ने चेतावनी



**काठमाडौं/मस** – इन्टरनेट सेवा प्रदायकहरूले आगामी सातादेखि देशभर इन्टरनेट सेवा बन्द हुने चेतावनी दिएका छन् । सेवा प्रदायकले विज्ञप्ति जारी गरेर आगामी सातादेखि इन्टरनेट सेवा अवरुद्ध हुन सक्ने चेतावनी दिएका हुन् । 'सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले टाटा, एयरटेल र सिफी जस्ता कम्पनीलाई विदेशी रकममा भुक्तानी सिफारिस पूर्ण रूपमा बन्द गरेको छ,' विज्ञप्तिमा लेखिएको छ, 'जसकारण विगत ६ महिनादेखि भुक्तानी रोकिएको छ ।'

लामो समयदेखि भुक्तानी रोकिएकाले आगामी सातादेखि इन्टरनेट सेवा रोक्नुपर्ने बाध्यात्मक स्थिति आउन सक्ने विज्ञप्तिमा उल्लेख छ । मन्त्रालयले विदेशी मुद्रामा भारतीय इन्टरनेट प्रदायकलाई भुक्तानी रोकेको विरोधमा वैशाख १९ गते मनाइने राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसमा सहभागि नहुने इन्टरनेट व्यवसायीले घोषणा गरेका छन् । वैशाख १४ गते बसेको कार्यसमिति बैठकले दिवसलाई पूर्ण रूपमा बहिस्कार गर्ने निर्णय गरेको जानकारी दिएको छ ।




**प्रतापपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
प्रतापपुर, नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

**प्रतापपुर गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**